भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २५ ★ अङ्क : ३४७ ★ ने. सं. ११४४ थिंल्ला गा, नवमी ★ शुक्रबार ★ २० पुस, २०८० ★ January 5, 2024, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## हरियो वन तस्करको धन बनाउनेहरूलाई कारबाही खोइ



काठमाडौँ, १९ पुस । प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बिहीबारको बैठकमा केही नेपाली ऐन संशोधन विधेयकको दफा २, ७, ९, १०, १३, १५, १७, १९, २४, २५, २८, २९, ३०, ३२, ३७, ४१, ५३, ५९, ६१, ६५, ७०, ७१, ७२, ७४ र ७६ मा सांसदहरूले राख्नुभएको संशोधनमा छलफल भयो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विधेयकको दफा २ मा प्रहरी अधिकारी र जवानहरूको सांस्कृतिक स्तर माथि उठाई शान्ति र अमनचयनको लागि गोली चलाउन नहुनेबारे सचेत गराउनुपर्ने उल्लेख गर्दै बालकुमारीमा पुस १३ गते प्रहरीको गोलीबाट दुई जना युवाको ज्यान गएको बारे प्रधानमन्त्री र गृहमन्त्रीसँग स्पष्टीकरण लिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

दफा ९ मा संशोधन पेस गर्दै सांसद सुवालले 'हरियो वन नेपालको धन' लाई हरियो वन तस्करको धन बनाउने र तस्करलाई संरक्षण गर्ने मन्त्रीहरूलाई कारबाही गर्नुपर्ने उल्लेख गर्नुभयो ।

विधेयकको दफा १३ मा संशोधन राख्दै सांसद सुवालले काठमाडौँ उपत्यका वरिपरिका डाँडाहरूमा पानी आउने जातका रूख बिरूवा रोपेर भू तथा जलाधार संरक्षण गर्नुपर्ने र भक्तपुर बागेश्वरीको मझुवामा जङ्गल सखाप पारी रग्बी खेलमैदान निर्माणको निहुँमा खानेपानीको मुहान सुकाउने तथा देशको बजेट दुरूपयोग गरी भ्रष्टाचार गर्नेहरूलाई कानुनी कारबाही गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले विधेयकको दफा १५ मा संशोधन राख्दै नेपाल विद्युत् प्राधिकरणले एमसीसीअन्तर्गतको बिजुलीको पोल काभ्रेको लप्सीफेदीमा राख्न खोज्दा स्थानीय जनताले आ-आफ्नो खेतीपाती सखाप भई उठीवास हुने उल्लेख गरी विरोध गरिरहेको तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले विधेयकको दफा १७ मा संशोधन पेस गर्दै खानेपानीको अभावमा देशभरी नै जनताको उठिवास बढेको उल्लेख गर्दै सरकारले जनतालाई शुद्ध खानेपानीको व्यवस्था गरिदिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुवालले दफा २४ मा संशोधन पेस गर्दै सरकारले नेपाली जनतालाई घरजग्गा बेच्न लगाएर विदेशी गाडी किन्न लगाउन नहुने र सार्वजनिक यातायात व्यवस्थित गर्न २० वर्ष पुरानो गाडीसमेतलाई मर्मत गराई चलाउन पाउने व्यवस्था गर्नुपर्ने उल्लेख गर्नुभयो ।

दफा ४१ मा संशोधन पेस गर्दै उहाँले खानेपानी व्यवस्थापन बोर्डले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसारको स्वच्छ खानेपानी आपूर्ति गर्नुपर्ने उल्लेख गर्नुभयो ।

सांसद सुवालले विधेयकको दफा ७२ मा सार्वजनिक वन म्हासेर निजी बनाउनेलाई कारबाही हुनुपर्ने र पाँच वर्षभित्र सार्वजनिक क्षेत्रमा वन क्षेत्र ७५ प्रतिशत पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

## "सार्वजनिक र धार्मिक स्थल संरक्षण हुनुपर्छ"

भक्तपुर, १९ पुस । चवङा गणेशस्थान विकास संस्थाको आठौँ वार्षिक कार्यक्रम तथा तेस्रो अधिवेशन नेमकिपाका सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालको आतिथ्यमा च्वङा गणेश मन्दिर परिसरमा बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा अतिथि सुवालले सार्वजनिक र धार्मिकस्थल संरक्षणमा जनता सबै लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "धर्म अन्धविश्वास होइन, मानिसको कर्तव्य हो । धर्मले गलत काम गर्न छुट दिँदैन । धार्मिकस्थल सार्वजनिकस्थल नै हो, यसको संरक्षण गर्नु सबैको कर्तव्य हो ।"

च्वङा गणेशको मन्दिर पहिरो जाने खतरामा पुगेपछि भक्तपुर नगरपालिकाले २०४५ साल यता पहिरो नजाने गरी निर्माण सुरू गरेको र यसमा स्थानीय जनताको उल्लेखनीय योगदान रहेको सांसद सुवालले बताउनुभयो ।




उहाँले भन्नुभयो, "दुवाकोटको १९ रोपनी सार्वजनिक जग्गा, बोडेको कमलपोखरी, झौखेल मुगुथलीको कमलपोखरी, थँबहीको कमलपोखरी र सार्वजनिक बगैँचा मालपोत तथा नापीका कर्मचारीहरूको मिलेमतोमा व्यक्तिको नाममा दर्ता गरिएको खारेज हुनुपर्छ ।"

सांसद सुवालले भन्नुभयो, "च्वङा पा परापूर्वकालदेखि नै सार्वजनिकस्थल हो । जनताको सांस्कृतिक भावनासँग जोडिएको च्वङा पा २०४२ सालमा नेपाल सरकारको निर्णयमा नेपाली सेनाको नाममा दर्ता गरिएको हो । नेपाली सेना र नेपाली जनताबिच मनमुताव ल्याउन च्वङा पा सार्वजनिकस्थल नेपाली सेनाको नाममा दर्ता गरिएको हुनुपर्छ । नेपाली सेनाको नाममा गएको सार्वजनिक र सांस्कृतिक स्थलहरू च्वङा पा, दुग्ध विकास संस्थान भएको ठाउँ, रानीपोखरी, त: पोखरीलगायत क्षेत्र पुन: सार्वजनिक गर्नु जरूरी छ ।"

उहाँले भन्नुभयो, "नेपाली सेना देशको रक्षाको लागि हो । अमेरिकी सरकारको सहयोगमा युक्रेनले रूसविरूद्ध युद्ध गऱ्यो भने इजरायलले प्यालेस्टिनविरूद्ध जातीय नरसंहार गऱ्यो । कतिपय देशका जनता अमेरिकी राष्ट्रपति बाइडेन र इजरायलका प्रधानमन्त्री नेतन्याहुको पुतला बनाई दुवैको हातमा रगत लटपटिएको देखाई प्यालेस्टिन र युक्रेनविरूद्धको लडाइँलाई रोक्न दबाबका साथ आवाज उठाउँदै छन् । नेपालमा अन्य पार्टीले नगरे पनि नेपाल मजदुर किसान पार्टीले युक्रेन र प्यालेस्टिनमा अमेरिकी सहयोगमा भइरहेको लडाइँको निन्दा एवं भर्त्सना गरिरहेको छ ।"


एमसीसी सम्झौताको कारण नेपालमा पनि पश्चिमा साम्राज्यवादले युद्ध थोप्ने खतरा रहेको हुँदा नेमकिपाले युद्धको विरोध गरेको सांसद सुवालले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले सम्पदा संरक्षणको विषयमा नयाँ पुस्तालाई सुसूचित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सस्थाका अध्यक्ष लक्ष्मी नारायण राजलवटको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा भनपा वडा नं. १ का वडा सदस्य सूर्यप्रसाद श्रेष्ठले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा संस्थाका सचिव शारदाभक्त वैद्य र कोषाध्यक्ष गणेशभक्त कोजूले संस्थाको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

भेलाले लक्ष्मीनारायण राजलवटकै अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।




## गाजाबासीलाई बसाइँ सर्न इजरायलको आह्वानबाट राष्ट्र सङ्घ 'चिन्तित'

जेनेभा, १९ पुस (एएफपी) । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रमुख भोल्कर टर्कले प्यालेस्टिनीहरूलाई गाजा छाड्न वरिष्ठ इजराइली अधिकारीहरूले गरेको मागसम्बन्धी टिप्पणीबाट आफू 'अत्यन्त चिन्तित' भएको बिहीबार बताउनुभएको छ ।

इजराइलका राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन-गभिरले सोमबार 'गाजाबासीहरूको निर्वासनलाई प्रोत्साहन गर्नका लागि एक समाधान' लाई बढावा दिन र गाजापट्टीमा इजराइली बस्तीको पुन:स्थापनलाई प्रवर्द्धन गर्न आह्वान गर्नुभएको थियो ।

उहाँको उक्त टिप्पणी एक दिनअघि अति दक्षिणपन्थी वित्तमन्त्री बेजेलेल स्मोट्रिचले पनि गाजामा बसोबास गर्नेहरूलाई फिर्ता गर्न आह्वान गरेको भोलिपल्ट आएको हो । स्ट्रोमिचले इजराइलले गाजाका करिब २४ लाख प्यालेस्टिनीहरूलाई गाजा छाड्नका लागि 'प्रोत्साहन' गर्नुपर्ने बताउनुभएको थियो ।

"गाजाका नागरिकहरूलाई तेस्रो मुलुकमा स्थानान्तरण गर्ने योजनामा उच्चस्तरीय इजराइली अधिकारीहरूको टिप्पणीबाट अत्यन्त चिन्तित छु", मानवअधिकार प्रमुख टर्कले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "अन्तर्राष्ट्रिय कानूनहरूले संरक्षित क्षेत्रभित्र संरक्षित व्यक्तिहरूलाई जबरजस्ती स्थानान्तरण वा कब्जा गरिएको क्षेत्रबाट निर्वासनलाई निषेध गर्दछन् ।"

अक्टोबरमा युद्ध सुरु भएपछि इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहु नेतृत्वको सरकारले गाजाबासीलाई हटाउने वा यहुदीबासीलाई गाजामा फिर्ता पठाउने योजनाबारे आधिकारिकरूपमा सुझाव दिएको छैन ।

अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूह हमासले इजराइलमाथि गरेको आक्रमणपछि युद्ध सुरु भएको हो ।



आधिकारिक इजराइली आँकडाका आधारमा एएफपीले दिएको तथ्याङ्कअनुसार हमासको आक्रमणमा अधिकांश सर्वसाधारणसहित एक हजार एक सय ४० को मृत्यु भएको छ ।

जवाफमा इजराइलले बमबारी र स्थल आक्रमण गर्दै हमासलाई निमिट्यान्न पार्ने वाचा गरेको छ । इजराइलको आक्रमणबाट गाजाको ठूलो भूभाग भग्नावशेषमा परिणत भएको छ र कम्तीमा २२ हजार तीन सय १३ को ज्यान गएको छ ।

हमास लडाकू र इजराइलबीचको करिब तीन महिनाको युद्धका कारण गाजाका अधिकांश बासिन्दाहरू आफ्नो घर छाड्न बाध्य भएका छन् ।

## प्यालेस्टिनी जनताको बाँच्न पाउने अधिकार सुरक्षित हुनुपर्ने

दैलेख, १९ पुस । नेपाल मजदुर किसान पार्टी चामुण्डा विन्द्रासैनी नगर समितिको आयोजनामा चामुण्डा विन्द्रासैनी नगरपालिकाको वडा नं. ३ को हाडाकोटमा बिहीबार जनसभा भयो ।

उक्त सभामा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले देशका उद्योगधन्दा निजीकरण गर्ने पार्टी कम्युनिस्ट नहुने चर्चा गर्दै नेपालीलाई भुटानी शरणार्थी बनाएर बेच्ने दलालहरूलाई कारबाही गर्नुपर्नेमा जोड दिनुभयो ।

"प्यालेस्टिन प्यालेस्टिनी जनताको भूमि हो, इजरायलको होइन; प्यालेस्टिनी जनताको बाँच्न पाउने अधिकार सुरक्षित बनाउन नेमकिपा सङ्घर्षरत छ," उहाँले भन्नुभयो ।

नेमकिपाका पूर्वकेन्द्रीय सदस्य उदयजङ शाहीले देशमा भइरहेको कालाबजारी, भ्रष्टाचार यो पुँजीवादी सरकारले अन्त्य गर्न नसक्ने उल्लेख गर्दै प्यालेस्टिनमा जातीय सफाया गर्न अमेरिकाको उठबसमा इजरायल लागिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य नीरकबहादुर शाहीले युवाहरूलाई विदेशमा होइन स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा दैलेख जिल्ला समितिका उपाध्यक्ष लक्ष्मीकुमार विकले सहयोगको नाउँमा एनजीओ र आइएनओजीले नेपालमा जातीय आन्दोलन चर्काउन विभिन्न गतिविधि गरिरहेको बताउनुभयो ।

नेमकिपा दैलेखका सचिवालय सदस्य केसेन्द्रप्रकाश कार्कीले देशका विभिन्न गाउँपालिका र नगरपालिकामा भ्रष्टाचार बढिरहेको उल्लेख गर्नुभयो ।

सभामा धनकुमारी शाही, दीपबहादुर शाही, शान्तिप्रसाद शर्मा, कृष्णप्रसाद ढकाल, मनबहादुर विकले पनि बोल्नुभएको थियो ।

सभाअघि मारुनी नाचसहित जुलुसले बजार परिक्रमा गरेको थियो ।

# प्रमुख प्रजापतिसँग गुल्मीको मालिका गापा उपाध्यक्ष उपेन्द्र अर्यालको भेट



भक्तपुर, १९ पुस । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग गुल्मी जिल्लाको मालिका गाउँपालिकाका उपाध्यक्ष उपेन्द्र अर्यालले मङ्गलबार भनपा सभाकक्षमा भेट गर्नुभयो ।

भेटमा उहाँहरूबिच दुई नगरपालिकाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा गरेका कार्यबारे अनुभव आदानप्रदान भयो । सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित कलेज, अस्पताल, घरदैलो नर्सिङ सेवा, जनज्योति पुस्तकालयको सेवा प्रवाह तथा देशको समसामयिक विषयमा अवगत गराउनुभयो ।

# एक वर्षमा अन्नपूर्ण पदमार्गमा २१ हजार पर्यटक

काठमाडौँ, १८ पुस । अन्नपूर्ण पदमार्गमा गत सन् २०२३ मा २१ हजार दुई सय ४७ जना विदेशी पर्यटक आएका थिए । यस पदमार्गमा एक वर्षको अवधिमा आएका पर्यटकमध्ये १२ हजार ९८१ पुरुष र आठ हजार दुई सय ६६ महिला रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्र धारापानीले जनाएको छ ।

यस केन्द्रका इञ्चार्ज भूपेन्द्र गुरुङका अनुसार फ्रान्सका दुई हजार पाँच सय ३३ पर्यटक आएका थिए । सन् २०२३ मा १२२ देशका नागरिक यस पदमार्गमा आएको उहाँको भनाइ छ । त्यस्तै फ्रान्सपछि इजरायल, जर्मनी, बेलायत, अमेरिकाका नागरिक बढी यस पदमार्गमा आएका थिए ।

त्यस्तै सन् २०२२ मा १५ हजार नौ सय विदेशी पर्यटक आएका थिए । सोमध्ये १० हजार तीन सय ६४ पुरुष र पाँच हजार पाँच सय ३६ महिला रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीले जनाएको छ । सन् २०२२ यसको तुलनामा सन् २०२३ मा पाँच हजार तीन सय ४७ बढी विदेशी पर्यटक आएका छन् ।

सन् २०२२ मा आएका पर्यटकमध्ये सबैभन्दा धेरै फ्रान्सका दुई हजार १२ पर्यटक भएको बताइएको छ । यस केन्द्रका अनुसार सन् २०२१ मा भन्दा सन् २०२२ मा १३ हजार छ सय २७ बढी पर्यटक आएका थिए । सन् २०२१ मा एक हजार पाँच सय ६२ पुरुष र सात सय ११ महिला गरी दुई हजार दुई सय ७३ पर्यटक आएका थिए ।

सन् २०२० मा एक हजार नौ सय ७६ पर्यटक आएको थिए । केन्द्रका अनुसार सन् २०१९ मा ३६ हजार छ सय ४७ पर्यटक, सन् २०१८ मा २९ हजार चार सय ८४ पर्यटक, सन् २०१७ मा २१ हजार ६८ पर्यटक पदमार्गमा आएका थिए ।

सन् २०१७ बाट पर्यटक आगमनमा वृद्धि हुँदै गर्दा सन् २०२० मा कोरोना सङ्क्रमणको पहिलो लहर आएयता पदमार्ग क्षेत्र नै प्रभावित भएको थियो । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका- ७ मनाङ्गे चौतारो रहेको छ । यो पदमार्ग लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएको छ ।

पर्यटक हिमाल, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नका साथै मनाङबाट मुस्ताङ, पोखरा जान अन्नपूर्ण पदमार्गमा आउने गर्छन् । मनाङमा रहेका हिमाल चढ्न तथा हेर्नका लागि पनि पर्यटक आउने गरेको जनाइएको छ ।

# सोवा रिग्पा उपचार प्रणालीको विकास र विस्तारमा जोड

काठमाडौं, १९ पुस । बुद्धकालीन उपचार पद्धतिका रूपमा हाल प्रचलनमा रहेको सोवा रिग्पा उपचार प्रणालीलाई सरकारी अस्पतालमा पनि विस्तार गर्न र यससम्बन्धी शिक्षालाई अन्य चिकित्सा जस्तै दर्ता गराउन सरोकारवाला निकायका प्रतिनिधि सहमत भएका छन् ।

सोवा रिग्पा एशोसिएसन नेपाल र अडारा विकासले संयुक्तरूपमा आयोजनामा यहाँ भएको नेपालमा सोवा रिग्पा चिकित्सा पद्धतिको अभ्यास, नीति र भावी योजनाका विषयक अन्तक्रियामा सहभागी सरकारी र प्राज्ञिक निकायका प्रतिनिधि सोवा रिग्पा चिकित्सा शिक्षाको नीतिमा भएका समस्याको समाधान गरी यस परम्परागत उपचार प्रणनलीलाई छिटोभन्दा छिटो मूल प्रवाहमा ल्याउन सहमत भएका हुन् ।

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा. दिपेन्द्ररमण सिंहले हिमालयन जडीबुटीमा आधारित विश्वकै पुरानो चिकित्सा पद्धति सोवा रिग्पाको शिक्षा तथा उपचार प्रणालीलाई सोवा रोग्पा उपचार पद्धतिलाई मूल प्रवाहमा ल्याउन सकिएमा हिमाली क्षेत्रलाई स्वास्थ्य पर्यटनको रूपमा विकास गर्न सकिने सम्भावना रहेको उल्लेख गर्नुभयो । उहाँले सुखी र समृद्धिका लागि स्वास्थ्य आवश्यक हुने हुँदा देशका सबै मेडिकल कलेजहरूमा सोवा रिग्पाको शिक्षा अध्ययन गर्न सरकारका तर्फबाट आवश्यक काम भइरहेको जानकारी दिनुभयो । मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखाका प्रमुख डा. कृष्ण पौडेलले सोवा रिग्पालाई वैकल्पिक उपचार पद्धति नभई मौलिक उपचार पद्धति भएकाले यो उपचार पद्धति र यस क्षेत्रको अध्ययन अध्यापनमा देखिएको समस्या समाधानका लागि मन्त्रालय सकारात्मक रूपमा लागिपरेको बताउनुभयो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका डीन उकेशराज भुजुले विश्वविद्यालयको सम्बन्धनमा सोवा रिग्पा इन्टरनेशनल कलेजबाट पहिलो ब्याचका स्नातक तहका १७ जना विद्यार्थी दीक्षित भइसकेको र अन्य ब्याचमा पनि विद्यार्थी पढिरहेकाले उनीहरूलाई परिषद्मा दर्ताको कानुनी व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो । सो विश्वविद्यालयका प्राज्ञ सदस्य कपिल लामाले पनि सोवा रिग्पामा उच्च शिक्षा हासिल गरेका विद्यार्थीलाई दर्ता हुने अवसरबाट बञ्चित गरिन नहुने बताउनुभयो । नेपाल स्वास्थ्य व्यवसायी परिषदका अध्यक्ष सुवोध शर्माले सोवा रिग्पामा स्नातक उत्तीर्ण विद्यार्थीलाई छिटोभन्दा छिटो दर्ताको प्रक्रियामा ल्याउन पहल गरिनेछ भन्नुभयो ।

त्यस्तै अडारा विकासका राष्ट्रिय निर्देशक प्रल्हाद ढकालले देशको हिमाली क्षेत्रमा अहिले पनि सोवा रिग्पा पद्धतिबाट धेरै बिरामीहरू उचार भइरहेको र यसप्रति जनविश्वास रहेकाले यसलाई राज्यले वैकल्पिक उपचार पद्दतिको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो । नरदेवी अस्पतालका निमित्त निर्देशक समेत रहेका आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा. श्यामबाबु यादवले सोवा रिग्पाका विषय अध्ययन गरेका विद्यार्थीलाई स्वास्थ्य व्यवसायी परिषदमा दर्ता गराउन सकिने र यस विषयलाई चिकित्सा शिक्षा आयोगले पनि अन्य विषयलाई जस्तै मान्यता दिनुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा स्वास्थ्य मन्त्रालयको आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखाका प्रमुख डा. पुष्पराज पौडेल, सिंहदरबार वैद्यखानाका पूर्व अध्यक्ष डा. बाबुराजा अमात्य र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका शाखा प्रमुख डा. माधवप्रसाद लम्सालले भारत, चीन र भुटानलगायत धेरै देशहरूले यो पद्धतिलाई मान्यता दिएको हुँदा नेपालले पनि यसतर्फ तत्काले कदम चाल्न ढिला गर्न नहुने सुझाव दिनुभयो । राससका सम्पादक एवं सोवारिग्पा उपचार पद्दति नामक पुस्तकका लेखक कृष्ण अधिकारीले भगवान बुद्धद्वारा प्रतिपादित यस उपचार पद्दतिलाई राज्यले 'ब्राण्डिङ' गर्न सक्नुपर्ने बताउनुभयो भने स्वास्थ्य पत्रकार प्रवीण ढकालले सोवा रिग्पा उपचार पद्धतिका बारेमा जनसाधारणमा जानकारी पुऱ्याउनुपर्ने खाँचो औँल्याउनुभयो ।

कार्यक्रमका सभापति सोवा रिग्पा एसोसिएसनका अध्यक्ष डा. तेन्जिङ धार्के गुरुङले यो उपचार पद्धतिको विकास र विस्तार गर्न सकिए जनताको स्वास्थ्यको अधिकार सुनिश्चित गर्न र मुलुकको अर्थतन्त्रमा पनि सहयोग पुग्ने बताउनुभयो । एशोसिएसनकी सदस्य डा. पेम्बा डोल्मा लामाले सोवा रिग्पा चिकित्सा पद्धतिको अवस्था र नीतिगत व्यवस्था र चुनौतीका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# मेलम्ची खानेपानी मर्मतको काम अन्तिम चरणमा

सिन्धुपाल्चोक, १९ पुस । मेलम्ची खानेपानी आयोजनाको मर्मतको काम अन्तिम चरणमा पुगेको छ । वि.सं. २०७८ असारमा आएको विनासकारी बाढीले सो आयोजनाको मुहान क्षेत्रलाई तहसनहस नै बनाएको थियो । बाढीले क्षति पुऱ्याएका संरचनामा अहिले पुन: पानी पथान्तरणका लागि काम भइरहेको छ ।

आयोजनाका सिनियर डिभिजनल इन्जिनियर पद्मबहादुर कुँवरका अनुसार आयोजनाको मर्मतको काम ७० प्रतिशत सम्पन्न भएको छ । यसैबिच बुधबार हेलम्बु-१ अम्बाथानस्थित मेलम्ची खानेपानी आयोजनाको मुहानस्थलमा भइरहेको कामका बारेमा प्रतिनिधिमण्डलले स्थलगत जानकारी लिएको छ ।

उहाँले भन्नुभयो, "अबका बाँकी काम केही कठिन रहेको छ । जस्तोसुकै परिस्थिति आए पनि अबको १० दिनभित्र काम सम्पन्न हुन्छ ।" उहाँले सरकारको लक्ष्यअनुसारनै पानी पथान्तरणका लागि तीव्र गतिमा काम भइरहेको बताउनुभयो । सो अवसरमा सांसद अमरेशकुमार सिंहले सरकारले मेलम्ची आयोजनालाई प्राथमिकता उच्च प्राथमिकता दिएर बाऱ्है महिना काठमाडौँवासीलाई पानी खुवाउनुपर्ने बताउनुभयो ।

खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यले दीर्घकालीनरूपमा काठमाडौँमा पानी लाने गरी काम गर्न लागि परेको बताउनुभयो । अवलोकनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल, सांसद सिंह, वित्त आयोगका सदस्य जुद्द गुरुङ, विपिनराज निरौला, खानेपानी मन्त्रालयका सचिव आचार्य, खानेपानी विभागका महानिर्देशक कमलराज श्रेष्ठ, मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जक्की अहमद अन्सारीलगायतको सहभागिता रहेको थियो । अहिले ४५ जना कामदारले द्रुत गतिमा काम गरिरहेको इन्जिनियर कुँवरले बताउनुभयो ।

गत वर्षको बाढीले हेडवर्क्सको संरचनालाई करिब २० फिट अग्लो गेग्रानले पुरेको थियो । अहिले उक्त गेग्रान हटाएर अर्डिट सुरुङमा पसेको ढुङ्गा, गिट्टी र बालुवा झिक्ने काम भइरहेको छ । वि.सं. २०७८ असारमा आएको बाढीले मुहान क्षेत्रलाई तहसनहस नै बनाएपछि पानी काठमाडौँ अस्थायीरूपमा ल्याउने गरिएको छ । ***रासस***

# राष्ट्रियसभाको निर्वाचन अधिकृत परिवर्तन

काठमाडौँ, १९ पुस । निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि यसअघि तोकिएका निर्वाचन अधिकृतहरू परिवर्तन गरेको छ । यसअघि तोकिएका जिल्ला न्यायाधीशमध्ये अधिकांश उच्च अदालतको न्यायाधीशमा नियुक्त भएका र एक जना अस्वथ्य हुनुभएकाले निर्वाचन अधिकृतहरू परिवर्तन गरिएका हुन् ।

आयोगको आजको निर्णयबाट जगेडामा रहेका जिल्ला न्यायाधीश कोशी प्रदेशका लागि विष्णुप्रसाद गौतम, मधेस प्रदेशका लागि चित्रबहादुर गुरुङ, बागमतीका लागि श्रीप्रसाद सञ्जेल, गण्डकी प्रदेशका लागि ऋषिराम आचार्य, लुम्बिनी प्रदेशका लागि कुलप्रसाद पाण्डे, कर्णाली प्रदेशका लागि मनोज श्रेष्ठ र सुदूरपश्चिम प्रदेशका लागि विष्णुप्रसाद अवस्थीलाई तोकिएको छ ।

आयोगको यही पुस १२ गतेको निर्णयबमोजिम सातवटै प्रदेशमा नियुक्त निर्वाचन अधिकृत जिल्ला न्यायाधीशहरू कोशी प्रदेशका लागि दुर्गाप्रसाद ढुङ्गेल, मधेसका लागि नारायणप्रसाद सुवेदी, गण्डकीका लागि केशवप्रसाद बाँस्तोला, लुम्बिनीका लागि कृपासुर कार्की, कर्णालीका लागि विष्णुप्रसाद अर्याल र सुदूरपश्चिमका लागि ओमप्रसाद अर्याल न्याय परिषद्को यही पुस १८ को निर्णयबाट उच्च अदालतको न्यायाधीशमा नियुक्त हुनुभएकाले उहाँहरूको स्थानमा नयाँ निर्वाचन अधिकृत तोकिएको हो ।

यस्तै वाग्मती प्रदेशका तोकिएका निर्वाचन अधिकृत महेन्द्रबहादुर कार्कीले स्वास्थ्य समस्याका कारण काम गर्न असमर्थ भएको भनी निवेदन दिनुभएकाले उहाँको स्थानमा अर्का न्यायाधीश नियुक्त गरिएको आयोगका प्रवक्ता शालिग्राम पौड्यालद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ । उक्त निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुने कार्यक्रम छ ।

# भवन निर्माण नहुँदा स्वास्थ्य सेवा प्रवाहमा समस्या

गोदावरी (कैलाली), १९ पुस । सेती प्रादेशिक अस्पतालको नयाँ भवन निर्माण सम्पन्न नहुँदा स्वास्थ्य सेवा प्रवाहमा समेत समस्या परेको छ ।

वि.सं. २०७४ कार्तिक २७ गते रु. २१ करोडको लागतमा दुई तले नवजात र मातृ शिशु विस्तारित भवन निर्माण गर्न काठमाडौँको रविना थेगिम जेभीले अस्पतालसँग ठेक्का सम्झौता गरेको थियो । सम्झौतामा ३० महिनामा निर्माण सम्पन्न गरी भवन सेती प्रादेशिक अस्पताललाई हस्तान्तरण गर्ने उल्लेख छ ।

हालसम्म पनि ठेकेदार कम्पनीको लापर्वाहीका कारण भवन निर्माण अधुरै रहेको अस्पतालले जनाएको छ । निर्माण कम्पनीले हालसम्म ८० प्रतिशतमात्र काम पूरा गरेको अस्पतालका सूचना अधिकारी सौरभ कलौनीलले जानकारी दिनुभयो । धनगढीको मुख्य सडक विस्तारका क्रममा अस्पतालको 'ओपिडी' भवन भत्किएपछि भवनको अभाव भएको छ । अस्पतालले निर्माणाधीन अधुरो भवनका केही कोठाबाट ओपिडी सेवा सुरु गरेको छ ।

सो भवन निर्माणका लागि छैटौँ पटकसम्म म्याद थप गर्दा ठेकेदार कम्पनीले दुई महिनाभित्रै भवन हस्तान्तरण गर्ने जनाएको थियो । तर, सो म्याद गुज्रिदा पनि ठेकेदार कम्पनी सम्पर्कविहीन हुन खोजेको अस्पताल विकास समितिका अध्यक्ष नरबहादुर शाहले जानकारी दिनुभयो । सहरी विकास सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीले सम्झौताअनुसार २०७७ वैशाख २७ मा भवन निर्माणको काम सम्पन्न हुनुपर्ने जनाएको छ । सो भवन निर्माण सम्पन्न गर्न अझै १५/२० प्रतिशत काम बाँकी रहेको छ ।

भवन निर्माणका धेरै काम बाँकी हुँदा पनि निर्माण कम्पनीले काममा तदारुकता नदेखाएको उहाँको भनाइ छ । समयमै ठेकेदार कम्पनीले काम पूरा नगरे ठेक्का रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत दैनिक जरिवाना गरिँदै आएको जनाइएको छ । भवन अभाव हुँदा अस्पतालले बाध्यतावश अधुरो भवनबाट ओपिडी सेवा सुरु गरेको अस्पतालका निमित्त सुपरिटेन्डेन्ट डा. शेरबहादुर कमरले जानकारी दिनुभयो । भवन हस्तान्तरण नहुँदै सेवा सुरु गर्नाका कारण दुवै भवनमा ठाउँ अभाव रहेको उहाँको भनाइ छ ।

अस्पताल भवन हस्तान्तरण भइसकेपश्चात् आइसियु र डायलाइसिस वार्ड तथा एमआरआई मेसिन राख्न सकिने भए पनि अहिले भवन अधुरो हुँदा राख्न सक्ने अवस्था नभएको उहाँले बताउनुभयो । प्रदेशको 'रिफरल' अस्पतालका रूपमा रहेको सेतीमा सुदूरपश्चिमका पहाडी जिल्लाबाट बिरामी उपचारका लागि आउने गरेका छन् । भवन अभावले सहजरूपमा उपचार प्रदान गर्न समस्या भइरहेको अस्पतालले जनाएको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

### सिन्धुपाल्चोकमा भूकम्पको धक्का महसुस

काठमाडौँ, १९ पुस । सिन्धुपाल्चोकमा बिहीबार बिहान १०:१७ बजे भूकम्पको धक्का महुसस भएको छ ।  राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार सिन्धुपाल्चोक केन्द्रबिन्दु भई ४ दशमलव ६ म्याग्निच्युडको भूकम्प मापन गरिएको छ । भूकम्पको धक्का आसपास क्षेत्रमा समेत महसुस गरिएको थियो । ***रासस***

### ललितपुरको ललितमण्डप पुन:निर्माण हुने

ललितपुर, १९ पुस । वि.सं. २०७२ को भूकम्पमा क्षतिग्रस्त ललितपुर महानगरपालिका-४ जावलाखेलस्थित ऐतिहासिक सम्पदा ललितमण्डपको पुन:निर्माण हुने भएको छ । ललितमण्डप छेउमा रहेका पाटी (फल्चा) र जावलाहिटी (गैरेधारा) भने ललितपुर महानगरले यसअघि नै पुन:निर्माण गरिसकेको छ ।

ललितमण्डपलाई ऐतिहासिक शैलीमा पुन:निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको ललितपुर महानगरपालिका वडा नं ४ का अध्यक्ष सन्तोष खड्काले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “हाल अवस्थित भवन पञ्चायतकालमा निर्माण भएको हो । हामीले राणाकालअघिको फोटो भेट्टाएका छौँ । इतिहास झल्कने गरी ललितमण्डप पुन:निर्माण हुनेछ ।”

हरेक वर्ष हुने रातो मच्छिन्द्रनाथको रथ ललितमण्डप परिसरमै राखिन्छ । सोही परिसरबाटै मछिन्द्रनाथ जात्राको अन्तिम दिन भोटो देखाउने प्रचलन भएकाले पनि ललितमण्डपको महत्त्व विशेष भएको उहाँको भनाइ छ । हाल जावलाखेलमै मछिन्द्रनाथ सङ्ग्रहालयसमेत निर्माण हुँदैछ । जुन सङ्ग्रहालयमा मछिन्द्रनाथको ऐतिहासिक सामग्री सङ्ग्रहित गरिनेछ ।

ऐतिहासिक सम्पदासम्बन्धी जानकारी ज्यापु समाजसँग रहेकाले सोही समाजसँगको सल्लाहमा ललितमण्डपलाई कलात्मकरूपमा पुन:निर्माण गरिने वडाध्यक्ष खड्काको भनाइ छ । उहाँले भन्नुभयो, “पुन:निर्माणको विषयमा नगरप्रमुखसँग कुरा भएको छ । उहाँले निर्माणका लागि चासो देखाउनुभएको छ । ज्यापु समाजसँग छलफलपछि ललितमण्डप निर्माण हुनेछ ।” ***रासस***

### ‘एक्सरे मेसिन’ जडान

काठमाडौँ, १९ पुस । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको यात्रु जाँचपासमा थप चार एक्सरे मेसिन जडान गरिएको छ । ती एक्सरे मेसिन जडानसँगै अब जाँचपास १० मिनेटमा हुने जनाइएको छ ।

विगतका समयमा दुई मात्रै एक्सरे मेसिनबाट जाँचपास हुँदै आएकामा बिहीबारदेखि थप चारवटा एक्सरे मेसिन जडान गरी जाँचपास गर्न सुरु गरिएको विमानस्थल भन्सार कार्यालयका प्रमुख डा. टोकराज पाण्डेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “पहिले दुईवटा मात्रै एक्सरे मेसिन रहेकामा बिहीबारदेखि चारवटा एक्सरे मेसिन थपिएको छ । भन्सार एरियाको क्षेत्र साविकको भन्दा दोब्बरले बढाइएको र अवैध सामान तथा सुन आउने एरियाकोमा केही समय लाग्न सक्छ, अन्यथा भन्सार एरियाको जाँचमा अब १० मिनेटमा जाँचपास हुनेछ ।”

नेपाल होटेल तथा पर्यटन प्रशिक्षण प्रतिष्ठान (नाथम) कलेजसँग सम्झौता गरेर १५ विद्यार्थीलाई विमानस्थल भन्सार कार्यालयको यात्रु जाँचपासमा तीन ‘सिफ्ट’ मा गरी काममा खटाइएको प्रमुख डा. पाण्डेले बताउनुभयो । उहाँका अनुसार यसले गर्दा यात्रु तथा विदेशी पर्यटकलाई सेवा प्रवाहमा सहज हुने देखिएको छ । यसैगरी, विमानस्थल भन्सार कार्यालयले वृद्धवृद्धा अशक्त तथा गर्भवती महिलाका लागि बस्ने व्यवस्थासमेत मिलाएको र भन्सार एरियालाई थप सौन्दर्यकरण गरिएको जनाएको छ । विगतमा जाँचपास गर्न आधा घण्टा लाग्ने जनाइएको छ । ***रासस***

### जिल्ला अदालतबाट हतकडीसहित फरार थुनुवा पक्राउ

काठमाडौँ, १९ पुस । नेपाल प्रहरीले जिल्ला अदालत काठमाडौँ परिसरबाट हतकडीसहित फरार थुनुवालाई पक्राउ गरेको छ । प्रहरीले बुधबार बिहान फरार भएका सिन्धुपाल्चोक बाह्रबिसेका कमल खड्कालाई काठमाडौँ महानगरपालिका-३२ जडीबुटीबाट बिहीबार बिहान पक्राउ गरेको हो । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलले प्रहरी वृत्त महाराजगञ्जबाट थुनछेक बहसका लागि अदालत लैजाने क्रममा खड्का हतकडीसहित फरार भएको बताउनुभयो । फरार भएका खड्कालाई प्रहरी वृत्त महाराजगञ्ज र जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले खोजतलास गर्दा फेला पारेको हो । प्रहरीले डलर देखाएर लुटपाट गरेको अभियोगमा खड्कालाई पक्राउ गरेको थियो । ***रासस***

### क्यानको वार्षिक खेलतालिका सार्वजनिक

काठमाडौँ, १९ पुस । नेपाल क्रिकेट सङ्घ (क्यान)ले वार्षिक खेलतालिका सार्वजनिक गरेको छ । क्यानले बिहीबार पत्रकार सम्मेलन गर्दै सन् २०२४ मा नेपालले खेल्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितालाई समेट्दै वार्षिक खेलतालिका सार्वजनिक गरेको हो । नेपालले आइसिसी विश्वकप लिग दुई,  टि-२० सिरिज, एकदिवसीयलगायतका  सिरिजलाई खेलतालिकामा समेटेको छ । नेपालले आगामी फेब्रुअरी १० देखि १४ तारिखसम्म क्यानडासँग तीन खेलको एकदिवसीय  सिरिज खेल्नेछ । त्यस्तै नेपालले २७ फेब्रुअरीदेखि ५ मार्चसम्म नामिबिया, नेदरल्यान्ड्स र नेपालबीच त्रिकोणात्मक टि-२० सिरिज खेल्ने खेलतालिकामा उल्लेख छ । उक्त खेल नेपालमै हुनेछ । त्यस्तै  १९ मार्चदेखि ३० अप्रिलसम्म नेपाल ‘ए’ले आयरल्यान्ड ‘ए’ सँग पाँच एकदिवसीय र तीन टि-२० खेल खेल्ने छ । यसैगरी  क्यानले आफ्नो खेलतालिकामा आगामी मङ्सिरमा नेपाल प्रिमियर लिग क्रिकेट प्रतियोगिताको आयोजना गर्ने छ । क्यानका सचिव पारस खड्काले नेपालसँग कुनै देशले खेल्न चाहेमा त्यसलाई पनि खेलतालिकामा समावेश गरिने बताउनुभयो ।



**काउली खेती**
सप्तरीको राजविराजस्थित पडरियामा माँ भगवती कृषक समूहले लगाएको काउली बिक्रीका लागि बजार लैजाँदै । *तस्बिर : अरूणकुमार यादव/रासस*

## आधारभूत अस्पताल भवनहरू अलपत्र

बेनी, १९ पुस । म्याग्दीमा निर्माणधिन दुई आधारभूत अस्पताल अलपत्र परेका छन् । ‘एक स्थानीय तह, एक आधारभूत अस्पताल’ योजनाअन्तर्गत मङ्गला र धौलागिरि गाउँपालिकामा निर्माण सुरु भएका दुई अस्पताल भवनको काम निर्माण व्यवसायीले ढिलासुस्ती गरेपछि अलपत्र परेका हुन् ।

धौलागिरि -७ ताकममा पाँच र मङ्गला-५ हाँडेभिरमा १० शय्या क्षमताको आधारभूत अस्पताल २०७७ सालमा शिलान्यास गरिएको थियो । निर्माण व्यवसायीले भवन निर्माणको काम रोकेपछि यहाँका दुवै अस्पताल योजना अधुरो बनेको हो । ताकममा निर्माणाधीन अस्पतालको जिम्मा लिएको आइएस एसी जेभी बुर्तिवाङ बागलुङले भुइँ ढलान गरेर पिल्लर मात्रै उठाएर कामलाई अधकल्चे बनाएको धौलागिरि- ७ का वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो । “स्थानीयस्तरमा कुनै विवाद र समस्या छैन, निर्माण व्यवसायीलाई काममा फर्कन पटकपटक आग्रह गरेका छौँ, केही दिनमै काममा फर्कने प्रतिबद्धता आएको छ”, उहाँले भन्नुभयो । ताकममा अस्पताल भवन बनाउन रु. चार करोड ८८ लाख ७२ हजार एक सय ३२ मा ठेक्का सम्झौता भएको थियो । निर्धारित मिति २०७९ जेठ २५ भित्र भवन निर्माण सम्पन्न गर्नुपर्ने भए पनि अहिलेसम्म अस्पताल भवनको २० प्रतिशत भौतिक प्रगति भएको छ ।

भवन निर्माण गर्ने समय व्यतित गरेको उक्त कम्पनीलाई १२ औँ संशोधन नियमावलीअनुसार एक वर्षका लागि म्याद थप भएको थियो । दुईतले अस्पताल भवनमा आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टाछुट्टै कक्षलगायतका संरचना रहने प्रस्ताव गरिएको छ । निर्माण कम्पनीका प्रतिनिधि दीपक अढाईले बजेटको सुनिश्चितालगायतका विविध कारणले आफूले समयमै काम सम्पन्न गर्न नसकेको बताउँदै पालिकाको नेतृत्वमा सबै समस्या हल भएकाले अब छिट्टै कार्यक्षेत्रमा फर्कने बताउनुभयो । उहाँले निर्माण सामाग्री, मेसिन उपकरण तथा जनशक्ति व्यवस्थापनमा जुटेको जनाउँदै एक सातामै कार्यक्षेत्रमा काम सुरु हुने जानकारी दिनुभयो ।

मङ्गला गाउँपालिकामा निर्माणाधीन पालिकास्तरीय अस्पताल भवन अलपत्र परेपछि निर्माण व्यवसायीलाई ताकेता गरिएको छ । ठेकेदारको ढिलासुस्ती र लापर्वाहीका कारण यहाँको अस्पताल भवन विगत डेढ वर्षदेखि अलपत्र अवस्थामा छ । भवनको ऱ्याप फाउन्डेसन तयार पारी पिल्लर उठाएर छाडिएको यस योजनाको जम्मा १० प्रतिशत भौतिक प्रगति भएको छ । पिल्लरको संरचना ठडाएर छाडिएको छ भने रडमा खिया लागेको छ । अस्पताल भवन निर्माणका लागि पालिकाले ओमबुद्ध इन्टरनेसनल कन्स्ट्रक्सन काठमाडौँसँग दुई वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी २०७८ असारमा रु. नौ करोड ११ लाखमा ठेक्का सम्झौता भएको थियो ।

मुख्य ठेकेदारले योजनाको काम गर्न अर्को पेटी ठेक्का लगाएको र उनीहरूबिचको आन्तरिक विवादले योजना नै अलपत्र परेको गाउँपालिकाका असिस्टेन्ट सब-इन्जिनियर नगेन्द्र सापकोटाले जानकारी दिनुभयो । पालिकाले पटकपटक पत्राचार गरेपछि मुख्य ठेकेदार दिपेश लामा सम्पर्कमा आएर भवन बनाउने प्रतिबद्धता व्यक्त गरेको उहाँले बताउनुभयो । यस भवनको आगामी असार मसान्तसम्म ठेक्का सम्झौताको म्याद थप भएको छ ।

पालिकाको अस्पताल भवनलाई सम्पन्न गराउन निरन्तर ताकेता गरेको र मुख्य ठेकेदार नै पालिकामा आएर केही दिनमै काम अघि बढाउने प्रतिबद्धता जनाएको गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो । मङ्गलामा आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टाछुट्टै कक्षसहितको भूकम्पप्रतिरोधी क्षमताको ३५ कोठा भएको अपाङ्गमैत्री अस्पताल भवन निर्माण हुनेछ ।

जिल्लाको मालिका गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरेर आधारभूत अस्पतालको रूपमा सञ्चालनमा ल्याएको छ । दरबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा भौतिक पूर्वाधार, मेसिन उपकरण, जनशक्तिलगायतको बन्दोबस्त गरेर पाँच शय्याको अस्पताल सञ्चालनमा ल्याइएको छ ।

म्याग्दीमा अन्नपूर्ण गाउँपालिकाले वडा नम्बर १ दोबामा पाँच शय्याको अस्पताल भवन निर्माण सम्पन्न गरेको छ भने रघुगङ्गा गाउँपालिकामा वडा नम्बर १ बेगमा निर्माण हुने भनिएको अस्पताल योजना विवाद र जग्गा व्यवस्थापनको समस्याले अझै शिलान्यास हुन सकेको छैन । ***रासस***

## ढकिया बुन्न सिक्दै थारु महिला

भरतपुर, १९ पुस । पछिल्लो पुस्ताले परम्परागत हस्तकला सीपतर्फ खासै चासो दिएको पाइँदैन । बदलिँदो समयअनुसार पछिल्लो पुस्ताले शिक्षा र प्राविधिकतर्फ बढी चासो दिन थालेपछि परम्परागत हस्तकला सीप हराउँदै गएको पाइन्छ । तर, कला-संस्कृतिको धनी थारु समुदायका महिला चितवनको सौराहमा आफ्नो परम्परागत हस्तकला सामग्री बनाउन जुटेका छन् ।

चितवनको रत्ननगर नगरपालिका-१० भानु चोकको जानकी चौधरी ढकियालगायत थारु समुदायले प्रयोग गर्ने परम्परागत सामग्री बनाउने तालिम लिन पाउँदा उत्साहित हुनुहुन्छ । उहाँले २२ दिनदेखि यस्ता सामग्री बनाउन सिकिरहनुभएको छ । उहाँजस्तै ३० थारु महिला अहिले सौराहामा परम्परागत हस्तकला सीप सिक्न कस्सिएर लागेका छन् । थारु आयोगको आर्थिक सहयोगमा परिदृश्य नेपालको आयोजना र थारु कल्याणकारिणी सभा चितवनको समन्वयमा थारु महिलाका लागि तालिम दिइएको हो ।

जानकीले छोटो अवधिमा नै हस्तकला सीपमार्फत आकर्षक सामग्री बनाउन जानिसक्नुभएको छ । उहाँले पूजा दानी, फ्रुट बास्केट, पेन होल्डर, किस्ती, गमला र ज्वेलरी बक्स बनाउन सिक्नुभएको छ । उहाँले भन्नुभयो, “पहिला केही पनि थाहा थिएन । तालिमपछि थाहा भयो मैले पनि यति राम्रो सामग्री बनाउन सक्ने रहेछु ।” उहाँले परम्परागत सामग्रीको माग बढ्दै गएकाले आफूहरू तालिम लिन आएको बताउनुभयो । उहाँले फुर्सदिलो समयको सदुपयोग र आयबिहीबार्रन पनि हुने भएका कारण निकै मेहनतका साथ तालिममा सामग्री बनाउन सिकेको बताउनुभयो । उहाँले भन्नुभयो, “परम्परागत ढकियालाई समयको मागअनुसार परिवर्तन गरेर बनाउन सक्छौँ । हामीले बनाएको सामान बिक्रीका लागि बजारमा पनि लैजान थालिएको छ ।” उहाँले यस्ता सामग्री बनाउन मेहनत धेरै हुने भए पनि बजारमा माग राम्रो भएकाले बिक्रीको चिन्ता नरहेको बताउनुभयो ।

प्रशिक्षक मुना चौधरी महिलालाई हस्तकला सीप सिकाउन पाउँदा खुसी लागेको भन्दै २२ दिनमा एक जनाले चार पाँचवटा सामग्रीको राम्रोसँग फिनिसिङ गरिसकेको बताउनुभयो । तालिममा पूजा सामग्री राख्ने,



घरको तरकारी र खानेकुरा राख्ने र फूल सजाउन प्रयोग हुने सामग्री बनाउन सिकाएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “यहाँ हामीले उत्पादन गरेको सामग्री यहीँ सौराहामा बिक्री हुन्छ । देश विदेशबाट आएका पर्यटकले लैजाने गर्नुभएको छ ।” यी सामग्री निर्माणका लागि बरुवा, काँस, रङ, छिदना, इन्चिटेपलगायतका सामान चाहिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “तालिमपश्चात् दिदीबहिनीले व्यावसायिकरूपमा काम गर्न सक्नुहुन्छ । सबैले निकै रुचिका साथ तालिममा नियमित सहभागिता जनाउनुभएको छ ।” तालिममा सहभागीलाई बिहान १० बजेदेखि ४ बजेसम्म हस्तकला सीप सिकाइएको छ ।

अर्का प्रशिक्षक श्री चौधरी थोरै लगानीमा फुर्सदको समयमा काम गरेर आय आर्जन गर्न सकिने भएकाले परम्परागत हस्तकला सामग्री निर्माणमा महिलाको आकर्षण बढेको बताउनुभयो । उहाँले भन्नुभयो, “पहिलो हाम्रो पुर्खाले ढकिया मात्र बुन्ने गर्नुहुन्थ्यो । अहिले अन्य सामग्री पनि उत्पादन गर्न थालेपछि देश विदेशमा बिक्री हुने गरेको छ ।” थारु समुदायमा विवाह, मान्छे मर्दा र अन्य कर्ममा ढकियाको प्रयोग गरिन्छ । ढकिया थारु समुदायको पहिचान भएको भन्दै उहाँले पछिल्लो समय अन्य समुदायका मानिसले पनि यी सामग्री मन पराएर किन्ने गरेको उहाँले बताउनुभयो ।

तालिमका चितवनको रत्ननगर र खैरहनी नगरपालिकाका ३० जना थारु महिलाको सहभागिता रहेको छ । गत मङ्सिर २६ गतेदेखि सुरु भएको तालिम यही पुस २७ गते सकिने छ । थारु समुदायमा घरायसी प्रायोजनका लागि प्रयोग गरिने परम्परागत सीप आधुनिकताका नाममा हराएको भन्दै नयाँपुस्तालाई सिकाउन तालिमको आयोजना गरिएको थारु कल्याणकारिणी सभा चितवनका सचिव सन्तकुमार चौधरीले बताउनुभयो । थारु कला, परम्परा र संस्कृति जोगाइराख्न यस्तो तालिमको निरन्तरता आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले हस्तकला सामग्री पर्यटक र सोखिन मान्छेले किन्ने भएका कारण सीप र आयआर्जनसँग जोडेर महिलालाई यस्ता सीप सिकाउन अग्रसर गराउनुपर्ने उहाँले बताउनुभयो । चौधरीले तामिममा सिकेको सीपलाई व्यवहारमा उतार्दै व्यावसायिक बन्न सहभागीलाई सुझाव दिनुभयो । ***रासस***

**। सम्पादकीय ।**

# राजनीतिमा जातीय वा वर्गीय दृष्टिकोण

नेका, एमाले, माओवादी, समाजवादी र राष्ट्रिय पार्टी भनिने शासक दलहरूको नेतृत्व, कार्यकर्ताहरूको सक्रियता र ती पार्टीहरूले प्राप्त गरेका पदहरूको अध्ययन गर्दा ती पार्टीहरू खस आर्य समूहका देखिन्छन्। नेपाल, भारत र दक्षिण एसियाका शासक दलहरूमा २५०० वर्षदेखि यही स्थिति देखिन्छ। महावीर वर्धमान, गौतम बुद्ध र अन्य भौतिकवादी दर्शनका महर्षिहरू चारबाक, बृहस्पति आदि सबै ब्राह्मणवादकै विरोधमा आ-आफ्ना दर्शनका आधारमा अगाडि बढेको देखिन्छ। ईश्वर, स्वर्ग-नर्क, बलिप्रथा, होम, यज्ञ-यज्ञादि, अश्वमेघ यज्ञ आदि कर्मकाण्डको २५०० वर्ष अघिदेखि वैचारिकरूपमा विरोध हुँदाहुँदै शासन र शासकहरू बलकै आधारमा टिकेका छन्; यो कसरी सम्भव भयो ?

गुरु र कर्मचारीतन्त्र ब्राह्मणहरूकै हातमा थियो। रामायण र महाभारत कालमा समेत गुरुहरू ब्राह्मण नै थिए। विदुर र चाणक्यहरू पनि ब्राह्मण भाषा बोल्थे। दार्शनिक र वैचारिकरूपले ब्राह्मणहरू पराजित भए पनि उनीहरूले गुरु र कर्मचारीतन्त्रको कारण क्षेत्रीय राजाहरूलाई आपसमा काटमार चलाउन दिएर भए पनि गुरु-पुरोहित वा कर्मचारीतन्त्रमाथि नेतृत्व कायमै राखेको देखिन्छ। यसलाई बौद्धिक क्षमताभन्दा पनि चातुर्य र कुटिलता मान्नुपर्छ। तिनीहरू आफ्नो उद्देश्य प्राप्तिको निम्ति जुनसुकै अपराध, छल र हत्या-हिंसालाई समेत निरङ्कुश र अमानवीय ढङ्गले प्रयोग गरी सत्तामा आफ्नो कब्जा जमाउँदै आएको देखिन्छ।

आर्यहरूको गलत दार्शनिक र वैचारिक क्षमता सँगसँगै कुटिलता, छल र हिंसाको प्रयोगले अन्य जातजाति र भाषाभाषीहरूको क्रोध, द्वेष र सङ्कीर्णता सदा पराजित भएको देखिन्छ। पञ्चायतको अन्ततिर विदेशी गैरसरकारी संस्थाहरूको जातजाति, भाषाभाषी, दलित र धर्मको सङ्गठित विरोध देखिए पनि आज ती सबै पराजित भए तर त्यसको गहन अध्ययन आवश्यक छ।

एकै जातका सबै व्यक्ति कसरी शिक्षक, प्रहरी, वकिल, राजनीतिक कार्यकर्ता, नेता र न्यायाधीश बन्न सक्छन् ? यसको कारण सरकारमा हैकम चलाउनेहरूको हो वा व्यक्तिको अस्थिरता वा स्वार्थ हो ? यो छलफलको विषय हो।

हिजो इटालीमा मुसोलिनीले 'रोमको गौरव पुन:स्थापना गर्न' र 'जहाँजहाँ क्याथोलिक धर्म हुन्छ, त्यहाँत्यहाँ इटालीको शासन हुन्छ' भन्ने धर्मको नाममा कट्टर राष्ट्रियता र जातीय नारा दिएर प्रजातन्त्रको ठाउँमा फाँसीवादी लागु गऱ्यो; अफ्रिका अवेसिनिया (इथियोपिया) मा समेत इटालीको झन्डा फहरायो।

त्यस्तै जर्मनीमा हिटलरले जर्मन जाति शुद्ध आर्य रगत भएको भनी सारा संसारमा शासन गर्ने नैतिक अधिकारको वकालत गरे र अन्तर्राष्ट्रिय समाजवाद होइन 'राष्ट्रिय समाजवाद' को नारा दिएर जर्मन जातिका जनता बसोबास गरेका छिमेकी देशहरूमा जर्मनीले कब्जा गऱ्यो र रुसमाथि आक्रमण गर्‍यो।

नेपालका प्रजातान्त्रिक समाजवादी नेका, कम्युनिस्ट एमाले, एमाओवादी, समाजवादी र शासनमा भाग लिने अनेक क्षेत्रीय र साम्प्रदायिक दलहरूले आ-आफ्नो पार्टीको नामअनुसार सरकारमा रहँदा काम गरेनन्; न त निर्वाचन घोषणापत्रअनुसार नै काम गरे। ती सबैले नेपाली राष्ट्रिय पुँजीपतिवर्गको पक्षमा नभई विदेशी दलाल पुँजीको सेवा गरिरहे; कम्युनिस्ट भन्नेहरूले न गरिब किसानको हितमा भूमिसुधार गरे न त ज्यामी र मजदुरहरूको हितमा योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको सिद्धान्त लागु गरे। काङ्ग्रेस, एमाले, माओवादी, समाजवादी र अन्य दलहरूले भए भरको सार्वजनिक कलकारखाना र उद्योगहरू निजीकरण गरेर समाजवादी अर्थव्यस्थाको उल्टो काम गरे।

छाला तथा जुत्ता कारखाना, भृकुटी कागज कारखानाजस्तै अन्य धेरै उद्योगहरू, ट्रली बस र अन्य सबै सेवाहरू निजी बनाउनु के समाजवादी अर्थव्यवस्थाको उल्टो काम भएन ?

३० वर्षका प्रजातन्त्रवादी र गणतन्त्रवादी भन्नेहरूले राणा शासन र ३० वर्षीय पञ्चायत कालमा जस्तै प्रधानमन्त्री र मन्त्रीहरूले के आ-आफ्ना छोराछोरी, भाइभतिजा, छोरी र बुहारीहरूलाई पदमा राखेनन् ? पूर्वराजाले गर्ने काम नै प्रधानमन्त्री र शासकहरूले गरेपछि के यी बहुदलवादी नेताहरू राजावादी भएनन् ? जनताको गुनासो यही हो।

# 'नेपाली समाजको बौद्धिक दुर्व्यसन' बारे एक टिप्पणी

✍ **कान्छाराम**

**हो, देशको लागि पहिला जनताले बलिदान गर्छन् अनि त्यो देश जनताको लागि हुन्छ। यहाँ बलिदानको अर्थ रगत बगाउनुमात्र होइन। कतिपय देशका जनताले आफ्नो देश विदेशी पराधीनबाट मुक्ति भइसकेपछि पनि विदेशमा दु:खकष्टका साथ धेरै कुरा सिके र त्यसलाई आफ्नो देशमा प्रयोग गर्दै गए। तर, नेपालका जनताले देशका लागि अझै गर्न बाँकी छ।**

पुस १५ को 'कान्तिपुर' दैनिकको विचार स्तम्भ दृष्टिकोण पृष्ठमा लेखक तथा राजनैतिक विश्लेषक विष्णु सापकोटाको 'नेपाली समाजको बौद्धिक दुर्व्यसन' शीर्षकको आलेख पढ्ने अवसर मिल्यो। विभिन्न समसामयिक विषयमा आफ्नो कलम चलाउँदै पाठकहरूलाई झक्झक्याउँदै आएका लेखक सापकोटाको यस आलेखमा व्यक्त विचारले समग्रमा वर्तमान नेपाली राजनीतिको चित्रण गरिएको भए पनि कुनै विषयमा भने उनको तर्क वास्तविकताभन्दा टाढा देखिन्छ। अझ पाठकलाई दिग्भ्रमित पार्ने खालको विचारसमेत अभिव्यक्त भएको देखिन्छ।

लेखक सापकोटाले देशको विकास र समृद्धिका लागि देखाउनुभएको चासो जायज छ; लेखकका अनुसार हल्काफुल्का राजनीतिक टिप्पणी गरेर हिँड्ने राजनीतिक कार्यकर्ताहरूमात्र होइन कि बौद्धिक भनाउँदाहरूसमेतले देशको समृद्धि र विकासको एजेन्डामा नीतिगत र योजनाबद्ध कार्यदिशाका बारेमा दस मिनेट पनि बहस गर्न नसकिने भएकोले तिनीहरूको बौद्धिक कुरा र गफलाई 'बौद्धिक दुर्व्यसनको' संज्ञा दिएका छन्। त्यस्तै, सत्तासीन राजनीतिक दलहरूले भ्रष्टाचार घटाउने कुरा गर्ने तर आफैँले भागबन्डाको राजनीति गरेर नै भ्रष्टाचार गर्दै गरेको, भ्रष्टाचारीहरूलाई चोख्याउने काम पार्टीहरू आफैँले गर्दै हिँड्ने तथा कतै काम नपाएर ठेक्कापट्टा हात पार्न, सहकारीमार्फत जनता ठग्न, टोल छिमेकमा बाटोघाटो बनाउने काममा कमिसन हात पार्न पुराना कार्यकर्ताहरू पार्टीमा सदस्यता नवीकरण तथा नयाँहरू प्रवेश गरेको लेखकको विचारलाई सहमत जनाउन सकिएला, तर लेखकको निम्न विचार भ्रमपूर्ण भएकोले सहमत हुन सकिने देखिँदैन -

१. हुनुपर्ने जीवनको लागि देश हो, तर नेपालमा देशको लागि जीवन भएको छ। यो एक छलफलको विषय हो।

२. देश विकासका नीतिगत कुरा गर्न धेरैथोर बुद्धि चाहिन्छ तर यस्ता कुरा देश, भूराजनीति, व्यवस्थाजस्ता कहाँ सजिला हुन् र ?

३. व्यवस्था, साम्राज्यवाद, क्रान्ति, समाजवाद, पुँजीवादजस्ता शब्दावलीको प्रयोग गर्न कुनै खास विज्ञता चाहिँदैन।

४. नेपालका मार्क्सवादी र सबै देशका समाजवादीहरूले जती कल्पे पनि उनीहरूको जीवनकालमा पुँजीवादको प्रभुत्व झन् बढ्नेछ, घट्ने छैन। *(लेखकमा आत्मश्लाघाको अनुभव हुन्छ ।)*

**बाँच्न योग्य देश जनताले बनाउने हो**

लेखकको जिकिर रह्यो - बाँच्न सहज हुन जनताको लागि देश चाहिने हो। जुन ठाउँमा जनतालाई बाँच्न सहज हुँदैन ऊ त्यो ठाउँ छोड्दै हिँड्ने गरेको हुन्छ, मानव इतिहासको विगत दस हजार वर्षले यही देखाएको छ। यसरी जनताको लागि देश हुनुपर्ने, तर नेपालमा देशको लागि जनता हुन गयो। सत्य यही हो, चीनमा पहिले आमाबाबु आफ्ना छोराछोरीसमेत बेच्न बाध्य हुन्थे।

झट्ट हेर्दा देश जनताका लागि नै हो। तर, जुन देशको कुरा आज हामी गर्दै छौँ त्यो आधुनिक राष्ट्रको निर्माण हुन हजारौँ वर्ष लाग्यो। हो, सभ्यतापूर्व मानिसको घुमन्ते जीवनशैली बाँच्न र अस्तित्वको लागि थियो। आधुनिक राष्ट्र बनिसक्दा पनि त्यहाँका जनताको दैनिक जीवन सहज र सरल कहाँ थियो र ! एक देश र अर्कोको देशबिचमा स्रोत साधनको लागि हुने युद्ध, आफ्नै धर्म र जातका लागि हुने लडाइँ, शोषण र विभेदको विरोधमा हुने लडाइँ, वर्ग वर्गबिच हुने द्वन्द्व, एक समूहले अर्को समूहमाथि गर्ने दमनको विरोधमा हुने लडाइँ, शासकले आफ्नै जनतामाथि गर्ने आक्रमणको विरोधमा हुने प्रत्याक्रमणहरूको शृङ्खलाले नै देशहरूको इतिहास बनेको छ। आज जुन देशलाई हामी समृद्धि ठान्छौँ, ती सबै देशहरू विगतमा यी नै अवस्थाबाट गुज्रिएका हुन्। त्यहाँ जनताको बलिदानले नै त्यो देश आजको ठाउँमा उभिन सकेको हो। के अमेरिकी जनताले स्वतन्त्रताको लागि बेलायतको विरोधमा सङ्घर्ष र बलिदान गर्नुपरेन ? फ्रान्सेली जनताले राजा लुईको अत्याचारबाट मुक्ति पाउन बलिदान गर्न परेन ? चीन, भारत र अन्य एसियाका देशहरूदेखि अफ्रिकी तथा ल्याटिन अमेरिकाका देशहरूले उपनिवेशबाट मुक्त हुन सङ्घर्ष र बलिदान गर्न परेन ? नेपालमा राणा शासनबाट मुक्ति पाउन धर्मभक्त र दशरथ चन्दहरूले बलिदान गरेनन् ? प्यालेस्टिनी जनता आफ्नो देशको अस्तित्वको लागि विगत ७६ वर्षदेखि सङ्घर्ष गर्दै छन् तर देश पाएका छैनन्। हो, देशको लागि पहिला जनताले बलिदान गर्छन् अनि त्यो देश जनताको लागि हुन्छ। यहाँ बलिदानको अर्थ रगत बगाउनुमात्र होइन। कतिपय देशका जनताले आफ्नो देश विदेशी पराधीनबाट मुक्ति भइसकेपछि पनि विदेशमा दु:खकष्टका साथ धेरै कुरा सिके र त्यसलाई आफ्नो देशमा प्रयोग गर्दै गए। तर, नेपालका जनताले देशका लागि अझै गर्न बाँकी छ। लेखक सापकोटाले लेख्नुभएअनुसार देश आफैँ बन्ने र अनि त्यो जनताका लागि हुने होइन। जनतालाई बाँच्न सहज हुने देश जनता आफैँले बनाउने हो न कि आफैँ बन्ने हो।

**देश, भूराजनीति र व्यवस्था सहज विषय होइनन्**

आफ्नो विचारको क्रममा लेखक सापकोटाले समृद्धि र विकासका नीतिगत कुराहरू देश, भूराजनीति तथा व्यवस्थाजस्ता सजिला विषय होइनन् भनी लेखे। देश, भूराजनीति तथा व्यवस्थालाई लेखकले किन सजिला विषय देखेका हुन् बुझ्न गाह्रो छ। चाहे ठुला होस् या साना हरेक देश निर्माणको इतिहास र कथा सजिलो पक्कै देखिँदैन। नभएका देश अस्तित्वमा आएका छन् र नक्सामा कुनै बेला अस्तित्वमा रहेका देश पनि हराएका छन्। देश रहने र हराउने विषय तथा भूराजनीति एक आपसमा अन्तरसम्बन्ध भएका विषयहरू पनि हुन्। युक्रेन र रुसको विगत दुई वर्षदेखिको द्वन्द्व, एसिया प्रशान्त क्षेत्रमा चीन र अमेरिकाबिच देखिएको भिडन्त, सर्बिया र कोसोभोको भिडन्त, भारतका छिमेकहरूसँगको विवाद भूराजनीतिसँग जोडिएका विषयहरू हुन्। नेपाल आफैँ किन विकासको बाटोमा लम्कन सकेन भने विषयमा चर्चा चल्दा हामी आन्तरिक व्यवस्था र राजनीतिलाई बाधकको रूपमा औँल्याउँछौँ, केही हदसम्म यो जिम्मेवार नभएको होइन। तर, भूराजनीतिले कसरी अठ्याएको छ भन्नेबारे विचार गर्दैनौँ वा बेवास्ता गर्छौं। अरबौँको वैदेशिक ऋणमा विमानस्थल बनाउँछौँ तर छिमेकले जहाज उडाउने अनुमति दिँदैन। एउटा छिमेकले ठुलो आयोजनाको प्रस्ताव गर्छ, अर्को छिमेकले हलो अड्काउँछ।

भूराजनीति विषयमा लेखकले हाम्रा छिमेकीको बारेमा पनि टिप्पणी गर्नुभएअनुसार दुई छिमेकका सरकारमा जोसुकै आए पनि हामीलाई उनीहरूकै अधीनमा नै राख्ने हो। तर, दुई छिमेकीले हामीलाई आजसम्म गर्दै आएका व्यवहारलाई मूल्याङ्कन गर्दा दुवैलाई एउटै कोटीमा राखेर हेर्न मिल्दैन। एउटा छिमेकले समृद्ध, शान्त र राजनैतिकरूपमा स्थिर नेपालमा आफ्नो हित देख्छ तर अर्कोले नेपाललाई अस्थिरताको भूमरीमा रिङ्याएर राख्नुमा नै आफ्ना स्वार्थ देख्छ। विगत ७० वर्षको नेपालको राजनैतिक इतिहासको घटनाक्रमलाई नियाल्दा यो प्रस्ट हुन्छ। त्यसरी नै विकास निर्माणका ठुलठुला आयोजनाहरूका सम्बन्धमा पनि यही देखिन्छ। त्यसैले सबै देशहरूको छिमेकप्रतिको एउटै नीति हुन्छ भन्नु गलत हुन्छ। कुनै देश विशेषको राष्ट्रिय चरित्रले पनि छिमेकप्रतिको उसको नीतिलाई निर्धारण गरेको हुन्छ।

**साम्राज्यवाद, क्रान्ति, समाजवाद, पुँजीवादजस्ता शब्दावलीको प्रयोग**

"व्यवस्था, साम्राज्यवाद, क्रान्ति, समाजवाद, पुँजीवादजस्ता शब्दावलीको प्रयोग गर्न कुनै विशेषज्ञताको आवश्यक पर्दैन," भनी आफ्नो आलेखमा लेखक सापकोटाले लेखेका छन्। समाचार वा राजनैतिक र आर्थिक लेखहरूमा धेरै उल्लेख हुने शब्दहरूमध्ये यिनीहरू पनि पर्छन्। तर, कतिले यसको निश्चित अर्थ बुझेर लेखे वा नबुझी लेखे यो त अध्ययनकै विषय होला। तर, लेखक सापकोटाले लेखेजस्तै यिनीहरूको अर्थ भने सतही र सामान्यरूपमा बुझ्न सजिलो भने होइन। सुन्दा साम्राज्यवाद र पुँजीवादजस्ता शब्दहरू पश्चिमालाई गाली गर्ने जस्तो सुनिन्छन्। तर, अर्थ राजनीतिसँग सम्बन्धित यी शब्दावलीहरू अर्थ गहिरो र व्यापक पनि छन्। मानव समाजको ऐतिहासिक विकासको गहिरो अध्ययनकै क्रममा मार्क्सले सामन्तवादपछिको चरणलाई पुँजीवादको संज्ञा दिए। यसको चरित्र र स्वरूपको बारेमा विस्तृत सोधपत्रकै रूपमा दास क्यापिलत (पुँजी) नै लेखे। 'पुँजी' संसारमा वैचारिकरूपमा उथलपुथल ल्याउने पुस्तक बन्यो। पुँजीवादको विकास र विस्तार हुँदै जाँदा पुँजीवाद अँगाल्ने देशहरूबिच बजार र कच्चा पदार्थको लागि आपसमा प्रतिस्पर्धाको फलस्वरूप युद्धसमेत हुन्छ। यी पुँजीवादी देशहरूबिचको यही प्रतिस्पर्धाले आफूभन्दा कमजोर देशहरूलाई उपनिवेश बनाउँदै ती देशमाथि पहिले आर्थिक शोषण गर्दै पछि राजनीतिक र सांस्कृतिकरूपमा समेत हैकम चलाउँछन्। यस चरणलाई मार्क्सले साम्राज्यवादको संज्ञा दिए। साम्राज्यवादको बारेमा लेनिनले विशद अध्ययन गरेर पुँजीवादको चरम विकसित चरणकै साम्राज्यवाद हुने निष्कर्ष आफ्नो सन् १९१७ मा प्रकाशित पुस्तकमा 'साम्राज्यवाद: पुँजीवादको उच्चतम चरण' मा गरे।

पुँजीवादी बन्दोबस्तमा असमानता झन् बढ्ने र वर्गीय विभेद कायम नै हुने हुँदा उत्पादनका साधनलाई सामाजिकीकरण गरेर ती शोषण र असमानतालाई हटाउन स्थापना गर्न सकिने नयाँ अर्थ राजनैतिक व्यवस्था 'वैज्ञानिक समाजवाद' को मार्ग चित्र प्रस्तुत गरेका थिए।

**उदारवाद वा समाजवाद ?**

लेखक सापकोटाको अर्को जिकिर हो - नेपालका मार्क्सवादी र सबै देशका समाजवादीहरूले जति कल्पे पनि उनीहरूको जीवनकालमा पुँजीवादको प्रभुत्व झन् बढ्ने छ, घट्ने छैन। सन् १९९१ मा सोभियत सङ्घ विघटन र शीतयुद्धको अन्त भएको पृष्ठभूमिमा अमेरिकी विश्वविद्यालय हार्डवर्डका प्रोफेसर स्यामुयल पी. हन्टिङका चेला फुकुयामाले सन् १९९२ मा 'इतिहासको अन्तको' थेसिस आफ्नो पुस्तक 'The end of the history and the last man' मार्फत प्रस्तुत गरेका थिए। उनको जिकिर थियो - दोस्रो विश्वयुद्धको समाप्तिसँगै संसारमा उदार पुँजीवाद वा कम्युनिस्टहरूको समाजवादमध्ये कुन व्यवस्थाको बोलवाला हुने हो भन्ने खिचातानि र तानातानका बिचमा सोभियत सङ्घको विघटनसँगै यो विवाद र तानातानी पनि समाप्त भएको हो र संसारमा अब एकछत्र रूपमा उदार पुँजीवादले शासन गर्नेछ। तर, संसारका धेरै समाजवादी नेताहरू, चिन्तक तथा विश्लेषकहरूले फुकुयामाको दाबीलाई हतारिएको मानसिकताको उपज ठाने। साँच्चिकै एक दशकभन्दा कम समयको अन्तरालमा फुकुयामाको दाबीमा खिया लागेको देखापर्न थाल्यो। अमेरिकालगायत उदारवादका पक्षधर पश्चिम युरोपका देशका जनतामा आर्थिकरूपले असमानताहरू देखापर्न थाल्यो। बिस्तारै उदार अर्थतन्त्रमा आर्थिक सङ्कट देखिन थाल्यो। परिणामस्वरूप प्रजातन्त्र र उदारवादी व्यवस्थामाथि नै जनता स्वयंले प्रश्न उठाउन थाले। हुँदा हुँदा अमेरिकी जनताले ट्रम्पजस्ता दक्षिणपन्थीलाई राष्ट्रपतिमा जिताए। ब्राजिलमा त्यस्तै दक्षिणपन्थी बोल्सोनारोको उदय भयो। उता संसारको पूर्वी कुनामा आफ्नै विशेषतायुक्त समाजवादी व्यवस्था लागु गर्दै आएको चीन नयाँ आर्थिक शक्तिको रूपमा झुल्किन थाल्यो। उता भ्लादिमिर पुटिनको सत्तारोहणले रुसको पुन: उत्थानको सङ्केत गर्‍यो।

समाजवादी व्यवस्था लागु भएका देशहरूमा व्यवस्था उल्टाउन षड्यन्त्र गर्न र अनेक थरी घेराबन्दी गर्न पश्चिमा उदारवादी देशहरू उद्यत हुँदा हुँदै पनि सफल भएनन्। आज सन् २०२४ को मिर्मिरेको विश्व रङ्गमञ्चमा जे देखिँदै छ त्यो लेखक सापकोटाले पनि अनुभूति गरेका होलान्। कुनै देशको व्यवस्था कहिले र कसरी फेरिन्छ भन्ने कुरा त्यहाँको आन्तरिक परिस्थितिबाहेक बाह्य परिस्थितिले पनि निर्धारण गर्ने भएको हुँदा लेखक सापकोटाको 'पुँजीवादको प्रभुत्व झन् बढ्ने' भन्ने भविष्यवाणी फुकुयामाको इतिहासको अन्तजस्तै अल्पकालीन नै हुने पक्का छ। एउटा कुरा हामीले बुझ्नैपर्छ - हरेक राजनैतिक दल, नेता तथा कार्यकर्ताहरूले गर्ने सङ्घर्षको परिणाम आफ्नो जीवनकालमै देखिन्छ भन्ने होइन। उनीहरूले त्यसको लागि जग खडा गरेर जाने हो। त्यही जगमा नयाँ व्यवस्थाको महल ठडिने हो। आफ्नो साम्राज्यमा सूर्य नडुब्ने बेलायत आज कुनामा थन्क्यो। हिजोका फ्रान्स र जर्मनी आज फरक स्तरमा छन्। पुरानो वस्तुको ठाउँ नयाँले लिनु स्वाभाविक हो।

**१६ पुस, २०८०**

**चाहे ठुला होस् या साना हरेक देश निर्माणको इतिहास र कथा सजिलो पक्कै देखिँदैन। नभएका देश अस्तित्वमा आएका छन् र नक्सामा कुनै बेला अस्तित्वमा रहेका देश पनि हराएका छन्। देश रहने र हराउने विषय तथा भूराजनीति एक आपसमा अन्तरसम्बन्ध भएका विषयहरू पनि हुन्।**

**एउटा कुरा हामीले बुझ्नैपर्छ - हरेक राजनैतिक दल, नेता तथा कार्यकर्ताहरूले गर्ने सङ्घर्षको परिणाम आफ्नो जीवनकालमै देखिन्छ भन्ने होइन। उनीहरूले त्यसको लागि जग खडा गरेर जाने हो।**

# पहिलो भ्रमण

**असोज १०-२६, २०४८ (26 Sept. - 12 Oct., 1991)**

# कोरिया पुन:एकीकरणको निम्ति अन्तर्राष्ट्रिय विशाल पदयात्रा – ५

✍ का. रोहित

**राष्ट्रिय अर्थतन्त्रको विश्वविद्यालय**

दिउँसो खाना खाइसकेपछि कार्यक्रमअनुसार हामी राष्ट्रिय अर्थतन्त्रको विश्वविद्यालय हेर्न गयौँ। ४ वर्षे, २ वर्षे र ६ महिने पाठ्यक्रमको बन्दोबस्त भएको यस विश्वविद्यालयको स्थापना १ जुलाई १९४६ मा भएको थियो। स्नातकोत्तर छात्रछात्राहरूको एकमहिने तालिम समेत भएको यस विश्वविद्यालयको मुख्य उद्देश्य राज्य र आर्थिक व्यवस्थापनका कार्यकर्ताहरू तयार पार्नु हो।

राज्य र अर्थतन्त्रको व्यवस्था, औद्योगिक प्रशासन, कृषि प्रशासन, योजना, तथ्याङ्क, कानुन, व्यवसायिक, प्रशासन, व्यापार, आर्थिक वा वित्तीय, मौद्रिक आदि विभिन्न विषयका फरक फरक विभाग र पाठ्यक्रमको अध्ययन यस विश्वविद्यालयमा हुन्छ। राज्य र अर्थतन्त्रको विषयमा अध्ययनको निम्ति यस विश्वविद्यालयमा कम्प्युटर र अन्य अत्याधुनिक साधनहरूको राम्रो बन्दोबस्त छ।

१५०० विद्यार्थीहरू अध्ययन गर्ने यस विश्वविद्यालयमा माथिका विभिन्न विषयमा अनुसन्धान र अन्वेषणको पनि बन्दोबस्त छ, छात्रावास, भान्छाकोठा, पुस्तकालय र अध्ययनको अवधिसम्म राज्यबाट खर्चको समेत बन्दोबस्त गरिएको छ। वास्तवमा यो राष्ट्रिय अर्थतन्त्रको जगलाई बलियो बनाउन भौतिक र प्राविधिक शक्ति तयार गर्ने ठाउँ हो।

मजदुर र व्यवस्थापकहरूको हितको बन्दोबस्त, उत्पादकहरूले व्यवस्थापनमा पनि प्रवेश पाउने, सामूहिक निर्देशन, पार्टी सदस्य, मजदुर व्यवस्थापन, प्राविधिकहरूसमेत भएको समितिले निर्देशन गर्ने, उत्पादकहरूको इच्छा र मागहरूलाई समेत ध्यान दिएर पार्टी समितिले निर्णय गर्ने बन्दोबस्तलाई कोरियाली भाषामा ट्यान पद्धति भनिन्छ। १९६१ को डिसेम्बरमा सबभन्दा पहिले कारखानामा लागु गरिएको एक आदर्श पद्धतिबारे यहाँ अध्ययन, अनुसन्धान र लागु गर्न प्रोत्साहित गर्छ।

यस विश्वविद्यालयका विभिन्न कोठाहरू र स्थलहरूको अध्ययन गर्दा बजेट बनाउने प्रणाली, योजना आयोग, उद्योग, कृषि र अन्य अर्थ र आर्थिक मन्त्रालयहरूसमेत एउटै क्षेत्रमा गाँसिएको र हाम्रो धेरै फरक अनुभव भयो। हुनसक्छ, एउटा पद्धतिबारे मात्रै जानकारी भएको हुँदा नयाँ पद्धतिबारेको जानकारी अलि जटिल जस्तो लागेको पनि हुनसक्छ।

प्रजग कोरियाको योजना आयोगको अध्यक्ष उपप्रधानमन्त्री हुन्छ अनि अर्थमन्त्री र अन्य मन्त्रालयका मन्त्रीहरू त्यसमा समावेश हुन्छन्। तर, अन्तमा स्थानीय वा केन्द्रीय स्तरको योजनामा पार्टीको निर्देशन र नियन्त्रण हुन्छ।

उद्योग, खानी, विद्युत्, रेल्वे, यातायात र मेसिनरी उद्योगबाट देशको अर्थतन्त्रमा ८० प्रतिशतको योगदान छ भने कृषिको २० प्रतिशतमात्रै।

कक्षा र प्रदर्शन कक्षहरू विभिन्न विभागका साह्रै आकर्षक र दर्शनीय छन्। धान, मकै, आलु, जौ, गहुँ, फलफुल, रेशम आदि कोरियाको मुख्य कृषि उत्पादन मानिन्छ। कृषिको निम्ति सिँचाइलाई नै प्राथमिकता दिइएको देखिन्छ। देखाइएको चित्र, नक्सा र ठुलठुला मोडेलहरूबाट के थाहा हुन्छ भने साधारण पानी पोखरी, नहर, बाँधबाहेक जमिनमुनि, पहाडमा पानी पोखरी बनाउने र त्यहाँबाट फेरि वितरण गर्नेजस्ता अनेक प्रकारका सिँचाइका प्रविधिहरू प्रयोग गरिएका छन्। आँधी आउने ठाउँमा बिरुवा स-साना हुने बालीमा जोड दिने, माटो र हावापानीअनुसारको बाली लगाउने र वैज्ञानिक खेतीमा जोड दिइन्छ। फलफुलमा त्यहाँ स्याउ, अङ्गुर, नासपाती, खुर्पानी, हलुवाबेद, आरु आदि छन्।

उद्योगको कक्षमा जाँदा सबैजसो चार्ट, तथ्य तथ्याङ्क र रिपोर्टहरू आधुनिक वा विभिन्न किसिमका कम्प्युटर र रिमोट कन्ट्रोलले दिइरहेका थिए। सैद्धान्तिक शिक्षालाई व्यवहारिक शिक्षासँग जोड्न अर्थात् शिक्षार्थीहरूलाई कारखानामै पठाएर काम गर्न पठाउने, अभ्यास र फेरि व्यवहारिक काममा लगाउँदै दक्ष आर्थिक कार्यकर्ता बनाउनु नै यस विद्यालयको उद्देश्य देखिन्छ।

त्यहाँका निर्देशकहरूको भनाइअनुसार का. किम इल सङ त्यस विश्वविद्यालयमा २० पटक पुग्नुभयो र प्रिय नेता का. किम जोङ इल ७ पटक पुग्नुभयो।

यस विद्यालयको भ्रमण र जानकारीबाट हाम्रो देशमा पढाइने अर्थशास्त्र र आर्थिक प्रशासनमा धेरै फरक भएको अनुभव मैले गरेँ।

**का. किम इल सङबाट उपहार**

त्यसै साँझ कोरियाली कामरेडहरूले का. किम इल सङको तर्फबाट एक सुन्दर सेरामिकको फूलदान र उहाँसँग खिचाइएको एक फोटो पनि उपहारको रूपमा प्राप्त गरेँ। सेरामिक प्रविधिमा कोरियाली जनताको लामो इतिहास र अनुभव छ। त्यस सेरामिकका सामानले मेरो ध्यान आफ्नै देशमा पुग्यो।

हाम्रो देशमा केही पश्चिमेली मित्रराष्ट्रका संस्थाहरूले सेरामिकको कारखाना निर्माणमा सघाए। तर, हाम्रा कामदारहरूलाई आफ्नो सामानको गुण वृद्धि गराउन र आवश्यक रङ्ग र प्रविधि भने प्रदान गरेनन्।

**मालसामानको भाउ**

त्यसै दिन हामी बजार पनि हेर्न गएका थियौँ। डलरसँग कोरियाली पैसा साटिन्छ तर डलरको हिसाबले हेर्दा हामीलाई महँगो अनुभव हुन्छ। कोरियाजस्तै संरा अमेरिकी साम्राज्यवादविरोधी देशमा समेत डलरको साम्राज्य देख्दा अचम्मै लाग्यो। हो, १९५० पछिको अर्थात् कोरियामा आक्रमण गरेको बेलादेखिको डलर भने त्यहाँ स्वीकारिन्न।

खाद्य सामग्री घर-घरमा पुऱ्याउने बन्दोबस्त हुँदा त्यहाँको बजार भाउको ठीक ठीक अन्दाज गर्न हामीलाई गाह्रो भयो। तर, २-४ दिनसम्म दोभाषे र अन्य कोरियाली मित्रहरूसँग पटकपटक सोधेर वा केही पसलमा सोधेर सामानको मूल्य टिपेँ। ती सामान र परिणामको सालाखाला मूल्यसूची यसप्रकार छ-

१ किलो चामलको कोरियाली पैसा - ०.८
१ सीसी बियरको कोरियाली पैसा - १.२०
१ बट्टा माछाको कोरियाली पैसा - १.४०
१ बट्टा फलफुलको कोरियाली पैसा - १.८०
१ सीसी रातो रक्सीको कोरियाली पैसा - १.५०
१ सीसी फलफुलको रसको कोरियाली पैसा - १.५०
१ साधारण गम बूट एकजोरको कोरियाली पैसा - २.८०
१ वटा फूटबलको कोरियाली पैसा - १८
१ बट्टा सलाईको कोरियाली पैसा - ०.५
१ बट्टा चुरोटको कोरियाली पैसा - १.३०

*(नोट : सटही दर २ कोरियाली रुपिया (वन) बराबर १ अमेरिकी डलर हुन्छ। त्यस हिसाबले १ कोरियाली रुपियाँ (वन) को सालाखाला हाम्रो ने. रु. २५।- पर्छ।)*


कोरियामा खानेकुरा र लुगाफाटो सबै सरकारले वितरण गर्ने, शिक्षा र उपचार नि:शुल्क हुने, घर सरकारले नै दिने र एक-दुई रूपैयाँ मात्रै बहाल लिने बन्दोबस्त आदिले बजार भाउ र तिनीहरूको तलबले जीवनस्तरको तुलना सजिलैसँग गर्न गाह्रो भएको अनुभव गरेँ।

**राष्ट्रपति किम इल सङको जन्मस्थानमा (२४ असोज, ०४८/10 Oct 1991)**

बिहान हामी राष्ट्रपति किम इल सङको जन्मथलो म्याङ्योन्दे गयौँ। हामी बसेको कोरियो होटलबाट दक्षिण पश्चिम कुनामा पर्ने म्याङ्योन्देलाई पहिलेदेखि रमणीय दृश्य देखिने ठाउँ भनिन्थ्यो। तायडोङ नदी र सुनह्वा नदीको किनारमा रहेको शान्त ठाउँ हो।

अहिले त्यो ठाउँ एक प्रदर्शनी स्थलको रूपमा विकास गरिएको छ। किम इल सङका हजुर बा र हजुर आमा बस्ने कोठा, भान्छा घर, गर्मीमा बस्ने घर र उहाँको बुबा बस्ने कोठालाई पहिले जस्तै परालको छाना, इँट र माटोले बनाइएको गाउँले घर सुरक्षित राखिएको छ।

त्यहाँ निर्देशकहरूले हामीलाई हजुर बाले प्रयोग गर्नुभएको हलो, कोदाली र अन्य खेतीका ज्यावलहरू, लेख्ने कन्तुर, हजुर बा-बज्यै, आमा, बुबा र काकाहरूका फोटोहरूसमेत देखाए। धागो काट्ने चर्खा, फेलु र तान अनि चाउचाउ बनाउने सामान र भान्छाका अन्य सामानहरू, गुन्द्री, चटाई, घरको काममा प्रयोग गरिने घ्याम्पो, हजुर बाले रोप्नुभएको सुर्ती आदि राम्रोसँग प्रदर्शित थिए।




किम इल सङको परिवार गरिब किसानवर्गमै पर्दथ्यो भन्ने कुरा प्रस्ट थियो। त्यसपछि निर्देशकले म्याङ्योन्दे पहाडमा लगी हामीलाई सानोमा किम इल सङ खेल्ने, कुस्ती खेल्ने, पढ्ने र रमाइलो गर्ने ठाउँहरू पनि देखाए। साथै अमेरिकीहरूले हमला गर्दा किम इल सङका हजुर बाले सबै गाउँलेहरूलाई जम्मा पारी आक्रामकहरूलाई भगाएको कथा सुनाए। गरिब भए पनि किम परिवार पहिलेदेखि देशभक्त परिवार



भूमिगत रेल अथवा मेट्रो

हुन् भन्ने उनले बताए।

आज म्याङ्योन्दे कोरियाको एक दर्शनीय र पवित्र स्थलको रूपमा लिइन्छ। त्यहाँ दिनमा सयौँ र हजारौँ देशी र विदेशी दर्शकहरू, क्रान्तिकारीहरू र देशभक्तहरू आउँछन् तथा किम इल सङको बाल्यकाल र परिवारबारे जानकारी लिन्छन्। कति आगन्तुकहरू एउटा गरिब परिवारमा जन्मेको व्यक्तिले पनि देश र जनताको निम्ति ठुलो योगदान गर्न सक्छ भन्ने उत्साह लिएर जान्छन् भने कति मानिसहरू त्यहाँको सुरम्य वातावरण र प्रदर्शनीको कुरा सुनेर श्रद्धाले शिर झुकाउँदै गम्भीर भएर फर्कन्छन्।

हामीले निर्देशकहरूलाई का. किम इल सङ र उहाँका परिवारबारे जानकारी दिएर मद्दत गरेकोमा धन्यवाद दियौँ। बडो विनम्र भएर निर्देशकहरूले फेरि आउनु होला भनेर बिदा दिए।

**केटाकेटीहरूको मनोरञ्जन स्थल**

राष्ट्रपतिको जन्मस्थानबाट बिदा भएर हामी केटाकेटीहरूको मनोरञ्जन गर्ने ठाउँ अर्थात् 'फन फेर' (स्थायी रमाइलो मेला) हेर्न गयौँ। (तर, नेपालमा यस्तो कुनै मनोरञ्जन स्थल बनिसकेको छैन। गएको साल एक इटालियन कम्पनीले भक्तपुरमा बनाउने कुरो भएको थियो तर त्यो अहिले सुन्नमा आएको छैन।) घुम्ने पिङ, घोडा गाडी, रेल, पूरै तल माथि घोप्ट्याउने रेल, डोरी गाडी आदि हेर्यौँ। यो त एक प्रकारको केटाकेटीको मेला लाग्ने ठाउँ हो।

भनिन्छ, दिनको एक लाखसम्म केटाकेटी खेल्न आउँछन्। यस मनोरञ्जन स्थलमा हामीले केटाकेटीमात्रै होइन देश-विदेशका धेरै धेरै प्रौढ मानिसहरूले पनि मनोरञ्जन गरेको देख्यौँ।

त्यसको एक छेउमा गएर हेर्दा सूर्यविनायक, गोकर्ण र दक्षिणकालीजस्ता बनभोज गर्ने ठाउँ देख्यौँ। ठुलठुला पोखरी, मोटर ढुङ्गा र रेष्टुराँहरू देख्दा अर्कै कुनै नयाँ ठाउँमा पुगे जस्तो लाग्यो। मासु पोलेर खाने चलन कोरियामा पनि धेरै रहेछ भन्ने कुरा त्यहाँ देखेँ। हामीले पनि एक रेष्टुराँमा चिया खाएर कोरियो होटल फर्क्यौँ।

**दिवाभोज**

१२-१ बजेको थियो। कोरियो होटलको ४४ औँ तलामा अन्तर्राष्ट्रिय कोरियाली एकीकरण समितिको एक प्रमुख र अन्तर्राष्ट्रिय समितिको उपनिर्देशकले हाम्रो सम्मानमा एक दिवाभोजको आयोजना गर्नुभएको थियो। होटलको त्यो माथिल्लो गोलो तला, सिसै-सिसाले मोडिएको र बिस्तारै घुमिरहेको थियो।

उपनिर्देशकज्यूले कोरियाली एकीकरणको यात्रामा भाग लिई कोरियाली जनताको उत्साहलाई बढाइदिएको र आन्दोलनलाई समर्थन गरेकोमा नेपाली मित्रहरूलाई धेरै धन्यवाद दिनुभयो। नेपालीहरूको तर्फबाट पालैपालो हामीले पनि कोरियाली एकीकरण यात्रामा भाग लिने अवसर दिनुभएकोमा का. किम इल सङसँग पनि भेटघाट गर्ने र कोरियाली जनताको विविध पक्षमा जानकारी पाउने अवसर दिनुभएकोमा कोरियाली मित्रहरूलाई धन्यवाद दियौँ।

घुमिरहेको त्यो झ्यालबाट प्योङ्याङको एकएक गरेर सबै भाग देखिन्थ्यो। १९५०-५३ को युद्धमा प्योङ्याङ पूरै ध्वस्त भएको थियो। तर, ३५-४० वर्षभित्र २० लाख जनताको विशाल र भव्य राजधानी कसरी निर्माण गऱ्यो होला भनी खुल्दुली जाग्यो। हजारौँ हजार इन्जिनियर, ओभरसियर र प्राविधिकहरूविना सम्भव नै छैन भन्ने हाम्रो अनुमान रह्यो।

आ-आफ्ना कौतुहलहरू मिटाउन उपनिर्देशकज्यूसँग प्रजग कोरियामा कति इन्जिनियर र ओभरसियर छन् भन्ने प्रश्न गर्यौँ। उत्तरमा उहाँले बडो सहजताका साथ भन्नुभयो, "२० लाख।"

अर्को जिज्ञासा उठ्यो - तपाईँहरूको अहिले कति डाक्टरहरू छन्? त्यसको पनि उहाँले सरल उत्तर दिनुभयो, "प्रति १००० जनतामा एक डाक्टर छ। हामीसँग जम्मा २०,००० डाक्टरहरू छन्।"

विभिन्न प्रकारका नयाँ नयाँ कोरियाली परिकारहरूको भोजन सँगसँगै हामीले कोरियाली जनताका महान् नेता का. किम इल सङको सुस्वास्थ्य र कोरियाली जनताको सुख-समृद्धिको कामना गर्दै इन्सामका गिलासहरू उठायौँ।

**भूमिगत रेन : मेट्रो**

मैले सुनेको थिएँ - अणुबम खसाले पनि केही नहुने रेल कोरियामा छ। यसकारण, मैले कोरियाली मित्रहरूलाई मेट्रो पनि कार्यक्रममा समावेश गर्न अनुरोध गरेको थिएँ।

दिवाभोजपछि हाम्रो मोटर मेट्रोको ढोकामा गएर रोकियो। बाहिरबाट हेर्दा टेलिफोन बुथ जस्तो लाग्ने ठाउँको ढोकाबाट हामी पस्यौँ। आफैँ सुल्ल जाने सिँढीमा हामीले टेक्यौँ। बिस्तारै हामी १०० मिटर तल सुरुङ जस्तो हुँदै झर्यौँ। एकछिनपछि हामी भूमिगत रेलको स्टेसनमा पुग्यौँ।

त्यहाँ पुग्दा, त्यहाँको झिलमिली हेर्दा १०० मिटर जमीन तल पुगेको अनुभव गर्न गाह्रो थियो। दुबैतिर झन्डै ५-५ मिनेटमा दायाँ र बायाँतिर स-साना रेलहरू आवतजावत गर्दै थिए।

यसको निर्माण १९६८ मा सुरु भएको र १९७३ मा पहिलो खण्डको उद्घाटन भएको थियो। यसो हेर्दा प्योङ्याङको एक भूमिगत रेल उत्तर पूर्वी कुनाबाट दक्षिण-पश्चिम कुनामा टुङ्गिन्छ र दोस्रो खण्ड दक्षिण-पूर्वी कुनाबाट उत्तर-पश्चिम कुनामा टुङ्गिन्छ। २२ स्टेसनमा टुङ्गिने यो मेट्रोमा प्रतिस्टेसनको १० पैसा भाडा लाग्दो रहेछ। हरेक स्टेसनलाई एउटा एउटा ऐतिहासिक नामहरू दिइएका छन्।

'समृद्धि' को स्टेसनमा १९८० का ठुलठुला टाइलका टुक्रा (चिप्स) हरूबाट चित्रहरू बनाइएका छन्। राम्रो बाली भित्र्याउने एक गाउँ र किसानहरूका चित्रहरू, कारखाना, उत्पादन र मजदुरहरूको चित्र अनि सिलिङ वा दलिन भित्तामा आतसबाजी र भुइँचम्पाजस्ता देखिने बत्तीहरूको सजावट थियो। त्यो स्टेसनको नाम 'समृद्धि' थियो।

भूमिगत रेल चढेर हामी 'गौरव' को स्टेसनमा उत्र्यौँ। त्यस स्टेसनमा कोरियाली जनताका महान् नेता किम इल सङ र अन्य चित्रहरू कुँदिएको थियो। ती सबै कुरा हेर्दा प्योङ्याङलाई सिंहमर्मरको सहर भन्न मन लाग्छ र स्टेसनको भव्यतामा कोरियाली जनताले गौरव गर्ने अधिकार राख्छ। यी सबै सुन्दरता, सजावट र निर्माणमा प्रिय नेता किम जोङ इलको निर्देशन छ भनी हामीलाई बताइयो। जानकारी दिएकोमा स्टेसनका निर्देशकहरूलाई धन्यवाद दिएर हामी बजारतिर लाग्यौँ।



दक्षिण अमेरिकी राष्ट्र कोलम्बियाको राजधानी बोगाटामा वर्ष २०२३ भरिमा हत्या गरिएका सामाजिक कार्यकर्ताहरूको तस्बिर प्रदर्शन गरिँदै । गत वर्ष कोलम्बियामा १८० जना मानवअधिकार रक्षक र ४० जना पूर्वफार्क कार्यकर्ताहरूको हत्या दक्षिणपन्थी हतियारधारी र आपराधिक तत्त्वबाट भएको विकास तथा शान्ति अध्ययन प्रतिष्ठान कोलम्बियाले जनाएको छ ।

*तस्बिर : टेलेसुर*

# विपक्षीलाई बाहिर राखेर हुने निर्वाचन अर्थहीन भएको बङ्गलादेशका निर्वासित विपक्षी नेता रहमानको भनाइ

लण्डन, १९ पुस (एएफपी) । बङ्गलादेशका निर्वासित विपक्षी नेता तारिक रहमानले आफ्नो पार्टीको बहिष्कारको बचाउ गर्दै एएफपीलाई दिएको विशेष अन्तर्वार्तामा बङ्गलादेशमा आइतबार हुने निर्वाचन प्रधानमन्त्री शेख हसिनाको शासनलाई बलियो बनाउन गरिएको 'ढोङ' मात्र भएको बताउनुभएको छ ।

रहमान देशको दुई प्रमुख राजनीतिक वंशमध्ये एकका उत्तराधिकारी हुनुहुन्छ र उहाँले सन् २०१८ मा आफ्नी आमा खालिदा जियालाई जेलमा हालेपछि सबैभन्दा ठूलो विपक्षी दलको नेतृत्व गर्दै आउनुभएको छ ।

६ वर्षअघि हसिनाका लागि आयोजित चुनावी ऱ्यालीमा भएको घातक ग्रेनेड आक्रमणको मुख्य योजनाकारको अनुपस्थितिमा उहाँलाई दोषी ठहर गर्दै आजीवन कारावासको सजाय सुनाइएको थियो ।

उहाँको पार्टीले गत वर्ष प्रधानमन्त्रीको राजीनामाको माग गर्दै एक महिना लामो विरोध प्रदर्शन गरेको थियो जसमा कम्तिमा ११ जनाको मृत्यु भएको थियो र हजारौँ समर्थकलाई गिरफ्तार गरिएको थियो ।

केही वर्षयता एक प्रमुख अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई दिएको पहिलो अन्तर्वार्तामा ५६ वर्षीय रहमानले आफ्नो पार्टीले पूर्वनिर्धारित नतिजाका साथ मतदानमा भाग लिनु अनुपयुक्त हुने बताउनुभएको थियो ।

सन् २००८ देखि लण्डन बस्दै आउनुभएका लण्डनबाट रहमानले इमेलमार्फत एएफपीलाई पठाएको विज्ञप्तिमा भन्नुभएको छ, "बङ्गलादेश अर्को छद्म चुनावको नजिक पुगेको छ ।"

"बङ्गलादेशी जनताको आकाङ्क्षाविपरीत हसिनाको नेतृत्वमा चुनावमा भाग लिनुले लोकतन्त्रका लागि लडेका, रगत बगाउने र आफ्नो जीवन उत्सर्ग गर्नेहरूको बलिदानलाई कमजोर पार्नेछ," विज्ञप्तिमा भनिएको छ ।

रहमानले आफ्नो बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) र बहिष्कारमा सामेल भएका दर्जनौँ अन्य दलविरुद्ध सत्तारुढ अवामी लिगले ठूलो सङ्ख्यामा चुनौती खडा गरेको बताउनुभएको छ ।

निर्वाचनलाई वैधानिकता प्रदान गर्न सत्तारुढ दलसँग आबद्ध 'डमी' विपक्षी उम्मेदवारलाई चुनावी मैदानमा उतारेको आरोप उहाँले लगाउनुभयो ।

सबै नतिजा पूर्वनिर्धारित भए पनि प्रतिस्पर्धाको छाप सिर्जना गर्ने हसिनाको प्रयास रहेको रहमानले बताउनुभयो ।

उहाँले अवामी लिगका उम्मेदवारलाई भोट नहाल्नेहरूबाट सरकारी सुविधा रोक्ने धम्की दिएर पार्टीले मतदान बढाउन खोजेको पनि दाबी गर्नुभयो ।

सन् २०२१ मा बङ्गलादेशी सुरक्षा बलमाथि मानवअधिकार उल्लङ्घनको



**प्रधानमन्त्री शेख हसिना**



**विपक्षी नेता तारिक रहमान**

आरोपमा प्रतिबन्ध लगाएको संयुक्त राज्य अमेरिका र अन्य देशहरूले पनि यस हप्ताको मतदानको सञ्चालनबारे चासो व्यक्त गरेका छन् ।

सन् २००९ देखि सत्तामा रहेकी हसिनाले सन् २०१४ र २०१८ मा उहाँको पार्टीले जितेको चुनावमा अनियमितता भएको पर्यवेक्षकहरूले बताएपछि निर्वाचन विश्वसनीय हुने प्रतिबद्धता व्यक्त गर्दै आउनुभएको छ ।

"मतदान केन्द्रमा जानुहोस् र बिहान मतदान गर्नुहोस् र हामी स्वतन्त्र र निष्पक्षरूपमा निर्वाचन कसरी गर्न सक्छौँ भनेर विश्वलाई देखाउनुहोस्," प्रधानमन्त्री हसिनाले शनिबार एक चुनावी ऱ्यालीमा भन्नुभयो ।

**दुई परिवारको सहकार्य**

रहमान र हसिनाको परिवारले सन् १९७१ देखि १२ वर्षबाहेक विश्वको आठौँ ठूलो जनसङ्ख्या भएको देशमा शासन गर्दै आएका छन् ।

सन् १९८१ मा हसिनाका पिताको हत्यापछि रहमानका पिताले देशको बागडोर सम्हाल्नुभएको थियो ।

सन् १९९० को दशकदेखि राजनीतिक सत्ताका लागि प्रतिस्पर्धा गर्नुअघि उहाँकी आमा जियाले एकपटक हसिनासँग मिलेर सैन्य शासनको अवधिपछि प्रजातन्त्र पुनःस्थापना गर्नुभएको थियो ।

हसिनाले सत्ता सम्हाल्नुभन्दा केही समयअघि नै रहमानले आफ्नो देश छोडेपछि लण्डनमा रहँदै आउनुभएको छ ।

उहाँ बङ्गलादेशी मुलका बेलायती र बेलायतमा पढाइ र कामको सिलसिलामा रहँदै आएका बङ्गलादेशी समर्थक तथा शुभचिन्तकहरूको विवाह वा राष्ट्रिय बिदाको अवसरमा हुने कार्यक्रमहरूमा सार्वजनिकरूपमा विरलै देखिनुहुन्छ ।

तर, सन् २०१८ मा जियालाई भ्रष्टाचारको अभियोगमा जेल चलान गरिएको र अहिले बिग्रँदो स्वास्थ्यका कारण ढाकाको एक अस्पतालमा राखिएको अवस्थामा रहमानले उहाँको ठाउँमा बङ्गलादेशको सबैभन्दा ठूलो विपक्षी दल, बीएनपीको नेतृत्व गर्दै भिडियो र फोन कन्फरेन्समार्फत आफ्ना कार्यकर्तासँग दिनहुँ कुरा गरिरहनुभएको छ ।

गत वर्ष बीएनपीको विशाल ऱ्याली, औद्योगिक हडताल र सडक अवरोधका कारण राजधानी ठप्प भएको थियो ।

अभियानले हसिनाको राजिनामा र निर्वाचनको पर्यवेक्षणका लागि तटस्थ कामचलाउ सरकार नियुक्त गर्न माग गरेको थियो ।

अक्टोबरमा भएको एउटा ऱ्याली रक्तपातमा परिणत भएको थियो, जसमा बीएनपीले करिब २५ हजार विपक्षी कार्यकर्ताहरूलाई पक्राउ गरिएको बताएको थियो । सरकारले यो सङ्ख्या ११ हजार रहेको जनाएको छ ।

हसिनाले रहमानले विरोध अभियानसँगै हिंसाको योजना बनाएको आरोप लगाउनुभएको थियो र मतदानपछि बीएनपीमाथि प्रतिबन्ध लगाउने सम्भावनालाई बढावा दिनुभएको छ ।

उहाँले शनिबारको चुनावी सभामा भन्नुभयो, "हामी उहाँलाई लण्डनबाट मानिसहरूलाई हानि पुऱ्याउन र मार्न आदेश दिन अनुमति दिनेछैनौँ ।"

**दमनको बहाना**

रहमानले प्रदर्शनका क्रममा भएको आगजनीका घटनाका लागि आफ्नो पार्टी जिम्मेवार रहेको भन्ने आरोपको खण्डन गर्दै यसलाई सरकारको दमनको बहानाका रूपमा व्याख्या गर्नुभएको छ । उहाँको आफ्नै राजनीतिक जीवन लामो समयदेखि ओझेलमा परेको छ ।

सन् २००८ मा अमेरिकी दूतावासमा लिक भएको केबलमा उहाँलाई 'कुख्यात र व्यापकरूपमा भयभीत क्लेप्टोक्रेटिक सरकारको प्रतीक' का रूपमा व्याख्या गरिएको थियो । जसले खरीद निर्णयहरू र राजनीतिक नियुक्तिहरूको बदलामा 'खुल्लारूपमा' घूस मागेको दाबी गरिँदै आएको छ ।

आफ्नी आमाको अन्तिम प्रधानमन्त्रीत्वकालमा उहाँविरुद्ध बारम्बार भ्रष्टाचारको आरोप लगाइएको थियो र निर्वासनमा रहँदा उहाँ भ्रष्टाचारको दोषी ठहरिनुभएको थियो । यद्यपि रहमानले आरोपको खण्डन गर्दै आफूमाथि राजनीतिक प्रतिशोधका कारण षड्यन्त्र भएको बताउँदै आउनुभएको छ ।

हसिना घाइते हुनुभएको र अन्य २० जनाको मृत्यु भएको सन् २००४ मा राजनीतिक ऱ्यालीमा भएको ग्रेनेड आक्रमणको अभियोगमा पनि दोषी ठहर गरिएको थियो ।

उहाँले यो फैसला राजनीतिबाट प्रेरित भएको दाबी गर्दै हसिनाले आफूविरुद्ध अनुसन्धानको नेतृत्व गर्ने प्रहरी अधिकारीलाई यसै साता हुने निर्वाचनका लागि संसदीय मनोनयनसहित पुरस्कृत गरेको आरोप लगाउनुभएको छ ।

उहाँले भन्नुभयो, "मलाई निर्मम र निर्लज्ज तरिकाले निशाना बनाइँदैछ । सत्ताको १५ वर्ष बितिसक्दा पनि यो सरकारले कुनै पनि वास्तविक प्रमाण पेश गर्न सकेको छैन ।"

## विश्व सङ्क्षेप

### जापानमा भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ७८ पुग्यो, ५१ बेपत्ता

टोकियो, १९ पुस (सिन्ह्वा) । जापानमा सोमबार गएको ७.६ म्यागिनच्युडको भूकम्पका कारण मृत्यु हुनेको सङ्ख्या ७८ जनाको मृत्यु हुनुका साथै ५१ जना अझै बेपत्ता भएको बिहीबार सरकारी अधिकारीले जानकारी दिएका छन् ।

जापानका प्रधानमन्त्री फुमियो किशिदाले विपद्को पहिलो ७२ घण्टाभित्र जीवन बचाउन उच्च प्रयास गर्दै जीवन सुरक्षाका लागि आपूर्तिलाई अधिकतम बनाउन आग्रह गर्नुभएको छ ।

जापानको विपद् व्यवस्थापन मुख्यालयको बैठकमा बोल्दै उहाँले नागरिकको जीवन रक्षाका लागि उपलब्ध सबै स्रोत परिचालन गर्न अधिकारीहरूलाई निर्देशन दिनुभएको हो ।

भूकम्पपछिको पहिलो ७२ घण्टा उद्धारका लागि विशेष महत्त्वपूर्ण रहने तथा त्यसपछि बाँच्ने सम्भावना निकै कम हुने विज्ञहरू बताउँछन् ।

"बिहीबार साँझ भूकम्पको ७२ घण्टा हुने हुँदा विपद्मा परेका सबैको जीवन बचाउन पूर्ण समर्पणका साथ काम गर्न सरकारले सुरक्षाकर्मी तथा उद्धारमा खटिएका सङ्घसंस्था तथा व्यक्तिहरूलाई निर्देशन दिएको छ," प्रधानमन्त्री किशिदाले भन्नुभयो ।

प्रभावित तटीय सहर वाजिमामा धेरै मानिस अझै पनि भग्नावशेषमा फसेको विश्वास गरिएको छ । वाजिमामा हालसम्म ४४ जनाको मृत्यु भएको पुष्टि भएको जापानको समाचार संस्था क्योदोले जनाएको छ ।

रिपोर्टअनुसार वाजिमाको तटमा विपद् सफाइ कार्यको लागि एउटा जहाज खटाइएको छ ।

भग्नावशेष र अवरुद्ध सडकहरूका कारण खोजी तथा उद्धार कार्यमा चुनौती थपिएको छ । शक्तिशाली भूकम्पको तीन दिनपछि इशिकावा र वरपरका क्षेत्रमा सुनामीको चेतावनी दिइएको थियो ।

भूकम्पपछि सुनामीले इशिकावाको सय हेक्टर क्षेत्र डुबानमा परेको र बाढीको प्रभाव अझ ठूलो हुने भूमि मन्त्रालयले जनाएको छ ।

इशिकावाको नोटो क्षेत्रमा गत सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पलाई जापान मौसम विज्ञानसम्बन्धी निकायले आधिकारिकरूपमा नोटो प्राय:द्वीप भूकम्प २०२४ नाम दिएको छ ।

### चक्कु प्रहारबाट घाइते लीको स्वास्थ्यमा क्रमिक सुधार : चिकित्सक

सियोल, १९ पुस (एएफपी) । घाँटीमा धारिलो हतियार प्रहार हुँदा घाइते बनेका दक्षिण कोरियाली विपक्षी दलका नेता ली जे-म्युङको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको तर जटिलताबाट बच्न कडा निगरानीको खाँचो रहेको सियोल नेसनल युनिभर्सिटी अस्पतालका चिकित्सकले बिहीबार बताएका छन् ।

लीलाई दक्षिणी बन्दरगाह सहर बुसानमा मङ्गलबार पत्रकारहरूसँगको कुराकानीपछि गाडीतर्फ जाने क्रममा समर्थकको रूपमा आएका एक व्यक्तिले धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाएका थिए । उहाँको घाँटीको बायाँ भागमा चक्कुको चोट लागेको थियो ।

टाउकोबाट शरीरमा रगत जाने नसामा चोट लागेका लीलाई तत्काले स्थानीय अस्पतालमा लगिएको थियो । उपचार त्यहाँ सम्भव नभएपछि नेता लीलाई पछि राजधानी सियोल लगी करिब दुई घण्टा लामो शल्यक्रिया गरिएको थियो । शल्यक्रिया गर्ने चिकित्सक मिन सेउङ-कीका अनुसार लीको 'भाग्यवश स्वास्थ्यमा सुधार आएको छ ।"

योनहाप समाचार संस्थाका अनुसार बुसानको एक अदालतले हत्या प्रयासको अभियोगमा ६६ वर्षीय संदिग्ध व्यक्तिविरुद्ध अभियोजन पक्षले दायर गरेको पक्राउ पुर्जी बिहीबार पुनरावलोकन गर्ने भएको छ ।

### म्यानमारको ७६ औँ स्वतन्त्रता दिवसको अवसरमा नौ हजारभन्दा बढी कैदीलाई माफी

याङ्गुन, म्यान्मा, १९ पुस (एएफपी) । म्यानमाको राज्य प्रशासन परिषद्ले देशको स्वतन्त्रता दिवसको ७६ औँ वर्षगाँठको उपलक्ष्यमा बिहीबार नौ हजारभन्दा बढी कैदीको जेल सजाय माफी गरेको छ ।

म्यान्माका नौ हजार ६५२ र अन्य मुलुकका ११४ जना कैदीलाई मानवीय तथा शान्तिको अधिकार प्रत्याभूत गर्न बनेको म्यान्माको कानुनको प्रावधानबमोजिम सजाय मिनाहा गरिएको आदेशमा उल्लेख छ ।

गत वर्ष देशको स्वतन्त्रता दिवसको ७५ औँ वर्षगाँठमा सात हजार १२ कैदीलाई आममाफी दिइएको थियो ।

सन् २०२३ अगष्ट १ मा म्यान्माको दोस्रो वासो चन्द्र महिनाको पूर्णिमाका दिन पर्ने बौद्ध धर्मावलम्बीको महत्त्वपूर्ण पर्व धम्मकाक्का दिवसको उपलक्ष्यमा सात हजारभन्दा बढी कैदीबन्दीलाई आममाफी दिएको थियो ।

म्यान्माको निर्वाचित सरकारलाई अपदस्थ गरी सन् २०२१ को फेब्रुअरीमा १ सैनिक शासन सुरू भएको थियो ।

सन् २०२१ को सैन्य विद्रोह र त्यसपछिको 'कू' विरोधी प्रदर्शनमा भएको हिंसात्मक दमनको प्रतिक्रियामा 'स्प्रिङ रिभोलुसन' र 'पिपुल्स डिफेन्सिभ वार' को नाममा म्यान्मामा प्रजातन्त्र पुन: बहालीका लागि आन्दोलन चलिरहेको छ ।

देशका अधिकांश भू-भागलाई सेनाको नियन्त्रणमा राखेको, सैनिक सरकारले म्यान्माकी प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीलगायतका सयौँ नेता तथा हजारौँ कार्यकर्ताविद्ध भ्रष्टाचार र राज्यविरोधी गतिविधि गरेको अभियोगमा सुरक्षा नियन्त्रण, हिरासत वा जेलमा राखिएको छ ।

# स्वास्थ्य बीमा कार्यक्रमको ब्ल्याक बक्स खोल्न पहल किन नगर्ने ?

✍ मुकेश अधिकारी

करिब ५ वर्षको स्वास्थ्य नीति, स्वास्थ्य इकोनोमिक्स र स्वास्थ्य इकोनोमेट्रिक्सको अध्ययन र लगभग १० वर्षको नेपालको सरकारी स्वास्थ्य प्रणालीको अनुभवको आधारमा म यो लेखमा नेपालको स्वास्थ्य बीमा कार्यक्रमको बारेमा एउटा तर्क गर्दैछु । त्यो हो, नेपालको स्वास्थ्य बीमा कार्यक्रम एउटा ब्ल्याक बक्स हो, जुन नखोलीकन यो कार्यक्रममा नीति डिर्पाचर गर्न ( अगाडि बढ्न) र दिगो सुधार गर्न एकदमै कठिन छ ।

आफ्नो तर्कलाई सर्पोट गर्न म २ वटा बुँदाहरू व्याख्या गर्दैछु र समाधानको लागि थप आर्थिक भार नपर्ने केही उपायहरू सुझाउने प्रयास गर्दैछु । यो लेख म किन पनि लेख्दैछु भने स्वास्थ्य बीमा कार्यक्रममा विगत केही दिन यता नयाँ रक्तसञ्चार भएको अनुभव भएको छ । नयाँ नेतृत्वले हाजिरी भएदेखि नै लगभग दिनहुँ बीमा कार्यक्रममा केही न केही नयाँ निर्णयहरू गरेर सुधारको पहल गरेको देखिन्छ र केही गरिछाड्ने हुटहुटी स्पष्ट देखिन्छ ।

अब मेरो पहिलो बुँदातर्फ जाऔँ । विगत ८ वर्षयता स्वास्थ्य बीमा बोर्डले प्रकाशित गरेको जानकारीहरूबाट इन्पुट र केही हदसम्म आउटपुट थाहा हुन्छ । तर, भित्र प्रोसेस कसरी भइरहेको छ, कति पनि थाहा हुँदैन । स्वास्थ्य बीमा कार्यक्रम सुरुवात भएदेखिका हालसम्मका सबै वार्षिक प्रतिवेदनहरू पढ्ने प्रयास मैले गरेको छु र त्यसमा मूलत: एउटा तथ्याङ्क देखेको छु ।

त्यो हो कार्यक्रम यति वटा जिल्लाहरू र यति वटा स्थानीय तहहरूमा विस्तार भयो, यति जनसङ्ख्यालाई कभर गर्‍यो, यति ड्रप आउट भए, यतिले रिन्यु गरे, स्वास्थ्य संस्थाको दाबी रकम यति थियो र यति भुक्तानी गरियो । यो जानकारीभन्दा अलिक फरक हिसाबले आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदनमा एउटा थप कुरा भेटियो त्यो हो, सो आर्थिक वर्षमा स्वास्थ्य संस्थाले रकम दाबी गर्दा पेश गरेको १० वटा उच्च रोगहरूको नाम र दाबी प्रतिशत, जुन प्रदेशअनुसार प्रस्तुत गरिएको छ । यो कदम सराहनीय छ । तर, के यी प्रतिवेदनहरूमा प्रस्तुत गरिएको तथ्याङ्कको आधारमा कार्यक्रममा भएको अन्तर्निहित समस्याहरू र कार्यक्रम प्रभावकारी भएको छ कि छैन भन्ने मापन गर्न सकिन्छ ।

तितो यथार्थ, एक शब्दमा भन्न सकिन्छ, सकिँदैन । स्मरण रहोस्, म कुरा गर्दैछु अन्तर्निहित समस्याको बारेमा । हो, सतहीरूपमा वा अनुभवका आधारमा समस्या र समाधानका उपायहरूको सूचीकरण गर्न सकिएला तर त्यसरी गरिएको सूचीमा व्यावहारिकता हुँदैन, मुख्यतया मनोगत धारणा हुन्छ, जुन मानिसअनुसार फरकफरक हुन्छ । अब किन सकिँदैन भन्नुहुन्छ होला । अन्तर्निहित समस्या बुझ्नका लागि प्रोसेसिङ कसरी भइरहेको छ बुझ्नुपर्छ । रिसर्चको भाषामा भन्ने हो भने स्वास्थ्य बीमा कार्यक्रमभित्र भइरहेका मेकानिजमहरूबारे हामी धेरै हदसम्म अनविज्ञ छौँ । प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्याङ्कहरू डिस्क्रिपटिप स्टाटिस्टिक्स हुन् जसले तपाईंको नमुनाको विशेषताबारे भन्छ । तर, यसको आधारमा बीमित मानिसहरू औसतमा कसरी व्यवहार गर्दैछन् भनेर केही भन्न सकिँदैन ।

अर्थशास्त्रको एउटा सर्वमान्य सिद्धान्त छ कि मानिसहरू इन्सेन्टिभप्रति प्रतिक्रिया गर्छन् जसलाई 'पिपुल रेपोन्ड इन्सेन्टिभ' पनि भन्ने गरिन्छ । सामान्य उदाहरण लिऔँ, मानिसलाई आवश्यक पर्ने वा चाहना भएको सामानको मूल्य रु. १०० थियो । तर, पसलले विशेष छुटमा रु. ५० मा दिने अफर ल्यायो भने धेरै मानिसहरूले उक्त सामान किन्छन् । त्यसैगरी, अर्को नकारात्मक सुरुवातको उदाहरण लिऔँ, चुरोट र रक्सीमा बढी कर लगाएर मानिसहरूलाई स्वास्थ्यमा हानि गर्ने चिजहरूबाट विकर्षित गर्ने गरिन्छ । यस्तो इन्सेटिभहरूप्रतिको प्रतिक्रिया मानिसहरूले फरकफरक रूपमा गर्छन् जसलाई बुझ्नु अत्यन्त आवश्यक छ र




यसका आधारमा समाजको समग्र कल्याण हुने अन्वेषण गरिनुपर्छ भन्ने कुरामा धैरेजसो अर्थशास्त्रीहरूको विश्वास गर्छन् ।

अब यो सिदान्तलाई स्वास्थ्य बीमा कार्यक्रममा हेरौँ । स्वास्थ्य बीमा पनि एक प्रकारको इन्सेन्टिभ हो । हालको सन्दर्भमा ३५०० रूपैयाँ तिरेर एक लाख सम्मको स्वास्थ्य उपचार पाउने व्यवस्था छ । मानिसहरू ३५०० रूपैयाँ तिरेर एक लाखसम्मको स्वास्थ्य सेवा पाउन स्वास्थ्य बीमामा आवद्ध भएपछि कसरी व्यवहार गर्दैछन्, सुचिकृत भएका स्वास्थ्य संस्थाहरू र त्यहाँका स्वास्थ्यकर्मीहरू कसरी प्रतिक्रिया गरिरहेका छन्, कुनै खास प्रकारको प्रतिक्रियाले स्वास्थ्य बीमा कार्यक्रमको आर्थिक दिगोपनामा असर त गरिरहेको छैन, कुनै खास प्रकारको प्रतिक्रियाले बिमितहरूलाई फाइदा वा घाटा त भइरहेको छैन ?

केही सामान्य उदाहरणहरू यस्ता हुन सक्छन् : पैतीस सयले एक वर्षलाई काम गर्छ भन्ने थाहा पाएको र करिब ११ महिना एउटा पनि सेवा प्रयोग नगरेको परिवारका सदस्यहरू १२ औँ महिनामा अनावश्यकरूपमा चेकजाँच वा टेस्ट त गरिरहेका छैनन् ? यदि त्यस्तो हो भने के सबैले त्यस्तो गरिरहेका छन् कि कुनै खास प्रकारका मानिसहरूले गरिरहेका छन् ? बढी भुक्तानी पाउने आशामा कुनै खास प्रकारको सेवाको दाबी कुनै खास स्वास्थ्य संस्थामा त बढी भइरहेको छैन ? के यस्ता प्रतिक्रियाहरू प्रणालीगतरूपमा त भइरहेका छैनन् ? यीलगायत यस्ता कैयौँ प्रश्नहरूको उत्तर हालसम्म प्रकाशित भएका प्रतिवेदन र अध्ययनहरूले दिन सकेको छैन । होला सतहीरूपमा यी प्रश्नहरूको उत्तर कसैले दिन सक्ला । तर, म यहाँ कुरा गर्दैछु तथ्याङ्कको गहिरो विश्लेषणको आधारमा यी प्रश्नहरू खोतल्ने हालसम्म प्रयास गरिएको छैन ।

अब मेरो दोस्रो बुँदातर्फ जाऔँ, हालसम्म नेपालको स्वास्थ्य बीमा कार्यक्रमसित सम्बन्धित जति अध्ययन अनुसन्धान भएर पेपरहरू प्रकाशित भएका छन्, त्यसले कोरिलेसन वा एसोसियसन वा सामान्य भाषामा भन्नुपर्दा सम्बन्धको तहमा मात्र जानकारी दिन्छ, कारणको तहको विश्लेषण होइन । जस्तै उदाहरणको रूपमा : पहिलो सम्पर्क स्वास्थ्य संस्था १ किलोमिटर टाढा भएको कारणले बिमित भएर पनि कति प्रतिशत मानिसहरूले आवश्यक सेवा लिनबाट वञ्चित भएका छन् ? के प्रिमियम तिरेका बीमितहरू र प्रिमियम नतिरेको बीमितहरू उस्तै हिसाबले व्यवहार गरिरहेका छन् छ ? बीमा कार्यक्रमको प्रिमियमलाई रु. २५०० बाट रु. ३५०० मा लैजाँदाको सेवाग्राही र सेवाप्रदायकको प्रतिक्रिया कस्तो रह्यो ? स्वास्थ्य बीमा कार्यक्रमकै कारणले खल्तीबाट हुने स्वास्थ्यसम्बन्धी खर्च कति प्रतिशतले कम भयो ? यीलगायत यस्ता कैयौँ प्रश्नहरू अनुत्तरित छन् ।

स्वास्थ्य बीमासम्बन्धी कारण तहको अध्ययन आफैँमा जटिल छ किनभने त्यसमा छनोट समस्या छ । सामान्य भाषामा यसलाई भन्नुपर्दा स्वास्थ्य बीमामा आबद्ध हुने मानिसहरू आधारभूतरूपमै आबद्ध नहुने मानिसहरूभन्दा फरक हुन्छन् जसले गर्दा अध्ययनमा राखिने कन्ट्रोल ग्रुप ट्रिट्मेन्ट ग्रुपभन्दा फरक हुन्छ । यो समस्याको समाधान गर्न इकोनोमेट्रिक्समा धेरै उपायहरू हुन्छन्, तर मलाई थाह भएसम्म आजको दिनसम्म नेपालको स्वास्थ्य बीमासम्बन्धी अध्ययनहरूमा यस्ता उपायहरूको प्रयोग भएको छैन ।

अब सवाल आउँछ, के यो ब्ल्याक बक्स खोल्न सकिन्छ त ? सकिन्छ, तर यसका लागि केही कुराहरूमा स्वास्थ्य बीमा बोर्ड उदार हुनुपर्छ । एक, नाम र पहिचान खुलाउन नसकिने व्यक्तिगत तहको दाबीसम्बन्धी तथ्याङ्क अध्ययनकर्ताहरूलाई सहजरूपमा उपलब्ध गराउनुपर्छ । धेरै देशहरूमा दाबीसम्बन्धी डाटाहरूको गहन विश्लेषणकै आधारमा अध्ययनहरू गरेर स्वास्थ्य बीमा कार्यक्रममा परिमार्जन गर्ने गरिन्छ ।

तर, विडम्बना ! डाटा पाउनका लागि धेरैपटक विभिन्न माध्यमको प्रयोग गर्दा पनि असफल भएका म जस्ता कैयौँ अध्ययनकर्ताहरूको आइडिया दिमाग वा कागजमै तुहिएका छन् । यदि सरकार वा स्वास्थ्य बीमा बोर्डले फ्रिमा आफ्नो कार्यक्रमको चिरफार गर्ने उत्सुक अध्ययनकर्ताहरू पाइरहेको छ भने तुरुन्तै एउटा डाटा सेयरिङ कार्यविधि र डाटा प्रयोग एग्रिमेन्टसम्बन्धी व्यवस्था किन नगर्ने भन्ने प्रश्नको उत्तर मैले अहिलेसम्म भेटेको छैन । संसारमा म जस्ता धेरै पिएचडी अध्ययन गर्ने विद्यार्थीहरू र कम विकसित देशहरूमा बीमासम्बन्धी अध्ययन गर्ने प्राध्यापकहरू छन् । जसले स्वास्थ्य बीमाको डाटालाई प्रयोग गरेर बीमा बोर्डलाई महत्त्वपूर्ण सुझावहरू दिन सक्छन् । त्यो पनि फ्रिमा, वैज्ञानिक तवरले ।

दुई, स्वास्थ्य बीमा बोर्डले कुनै नीति इन्टरभेन्सन गर्दा इकोनोमेट्रिक्ससम्बन्धी जानकारी भएका विज्ञहरूलाई राखेर कसरी माथि उल्लेख गरिएको सेलेक्सन समस्यालाई समाधान गर्ने भन्ने कुरा कार्यक्रम डिजाइन गर्ने बेलामै सोच्नुपर्छ ताकि त्यो नीति इन्टरभेन्सनको प्रभावकारिता सही तरिकाले अध्ययन गर्न सकियोस् ।

उदाहरणको लागि चाँडै लागु हुँदै गरेको कोपेमेन्ट प्रणाली सैद्धान्तिकरूपमा फजुल वा अनावश्यक खर्च रोक्ने राम्रो नीति इन्सट्रुमेन्ट हो । तर, यो इन्टरभेन्सनले नसोचेको हानि हुन सक्छ, जस्तै केही निश्चित प्रकारका बीमितहरूले आवश्यक उपचारहरू पैसा तिनुपर्ने कारणले चाहँदा चाहँदै पनि छोड्न सक्छन्, जसले गर्दा त्यो समूहलाई फाइदाभन्दा बढी हानि हुन सक्छ । एउटा कुरा बुझ्नु अत्यन्त आवश्यक छ कि सही नियतले गरिएको नीति हस्तक्षेपले सोचेको फाइदा मात्रै होइन कहिलेकाहीँ नसोचेको हानि हुन सक्छ, त्यसैले हस्तक्षेपहरूको प्रभावकारिता मूल्याङ्कन गर्दै कार्यक्रमलाई परिस्कृत गर्दै लैजानुपर्छ ।

नेपालको सन्दर्भमा स्वास्थ्यमा सर्वव्यापी पहुँच ल्याउनका लागि स्वास्थ्य बीमा कार्यक्रम सफल नभइकन लगभग असम्भव छ । तर, विडम्बना ! आठौँ वर्षमा पुगिरहेको स्वास्थ्य बीमा कार्यक्रम अझैसम्म ब्ल्याक बक्सको रूपमा छ । यसलाई यथाशीघ्र खोतलेर समस्या पत्ता लगाई सुधार गर्दै लैजानु अत्यन्त आवश्यक छ । स्वास्थ्य बीमा कार्यक्रम नेपालमा नयाँ छ, स्वास्थ्य बीमा बोर्ड सिक्दैछ, नीति निर्माण गर्ने अधिकारीहरू सिक्दैछन्, सूचिकृत भएका संस्थाहरू सिक्दैछन् र बिमितहरू सिक्दैछन् । तसर्थ, यो सबैलै आफ्नै आफ्नै तरिकाले सिकिरहेको स्वास्थ्य बीमालाई वैज्ञानिक तवरले गहिरोरूपमा बुझेर क्रमिकरूपमा किन सुधार नगर्ने, यसबारे सरोकारवाला पक्षहरूको ध्यान जानु अत्यन्त जरुरी छ ।

*- 'स्वास्थ्य खबर' पत्रिका*

हार्दिक समवेदना



जन्म
१९८९/०५/०५

निधन
२०८०/०९/०८


कृष्णमाया तमखु

यस लायन्स क्लव अफ भक्तपुर नरसिंहका सदस्य लायन मिलन तमखुकी ममतामयी हजुरआमा **कृष्णमाया तमखु**को दु:खद निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति एवं प्रेरणा प्राप्त होस् भनी गहिरो समवेदना व्यक्त गर्दछौँ ।

अध्यक्ष
भुपेन्द्रप्रसाद नेपाली

लायन्स क्लव अफ भक्तपुर नरसिंह

हार्दिक समवेदना



जन्म
२०००/०१/२०

निधन
२०८०/०९/१७

आशामरू दुवाल

हाम्रा हितैषी मित्र आसकुमार दुवालका पूजनीय पिता **आशामरू दुवाल**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

साथीहरू

| | | |
|---|---|---|
| धर्म गुसाई | यकिन्द्र दुवाल | कृष्णप्रसाद भैल |
| बुद्धिकुमार सुवाल | रोहित गोर्खाली | लक्ष्मीप्रसाद साँय्जु |
| बुद्धिकुमार मुस्याख्व | राजु कासुला | पुण्यराम गाइजु |
| | राजन घेमोसु | |
| दिलराम दुवाल | गंगाराम वैद्य | राजेश प्रजापति |
| सुन्दर कोजु | कृष्णमोहन सैजु | रूकेश श्यामा |

हार्दिक समवेदना



जन्म
२०००/०१/२०

निधन
२०८०/०९/१७

हाम्रा हितैषी मित्र आसकुमार दुवालका पूजनीय पिता **आशामरू दुवाल**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

मिलीजुली समूह

| | | | |
|---|---|---|---|
| आसकाजी लाखेमरु | लक्ष्मीप्रसाद कोजु | पुण्यराम नायभा | विष्णुसुन्दर देसेमरु |
| राजनप्रसाद लवजु | गौरीप्रसाद सिख्वाल | कृष्णराम न्याईच्याई | विश्वराम सुकाजु |
| रमेशप्रसाद लवजु | गंगाराम बेकोजु | कृष्णराम कोजु | राजेस सुवाल |
| लक्ष्मीनारायण लवजु | अर्जुन गोसाई | राम कसलवट | श्रीराम बाग |
| धन गोसाई | राजु कवां | उत्तम कोजु | |

## हार्दिक समवेदना



जन्म
१९९७/०९/२४

निधन
२०८०/०९/०९

यस समूहका सदस्य गोपिकृष्ण चाँगुभारीका पूजनीय पिता **गोविन्द चाँगुभारी**को स्वर्गारोहण भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**पूर्व कर्मचारी समूह**
भक्तपुर नगरपालिका

---

## सुनाखरी कृषि सहकारी संस्था लि.

कमलविनायक-१०, भक्तपुर, फोन नं. ०१-६६१३८०४

### १३ औं वार्षिक साधारणसभामा उपस्थित हुनेबारे

मिति २०८०/०८/२३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको १३ औं वार्षिक साधारणसभा तपसिलका मिति, समय र स्थानमा गरिने भएको हुँदा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम**
**मिति** : २०८०/०९/२१ गते, शनिबार
**स्थान** : कार्यालय भवन, कमलविनायक (लान्चा फल्चा)
**उपस्थित हुने समय** : बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म

**नोट** :
१. अनिवार्यरूपमा पासबुक वा परिचय पत्र लिई उपस्थित हुन अनुरोध गर्दछ ।
२. साधारणसभामा शेयर सदस्य आफैं उपस्थित हुन अनुरोध गर्दछ ।

---

## हार्दिक समवेदना



यस समूहका सदस्य राजेश मगजु, राजुप्रसाद मगजु, राजेन्द्र मगजु र जिवन मगजुका पूजनीय पिता **धनबहादुर मगजु**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २००३/१०/०४
निधन : २०८०/०९/०९

**यातु गणेश युवा समूह**
नगांचा-१०, भक्तपुर

---

## हार्दिक समवेदना



यस संस्थाका स. नं. १८६ का सदस्य **रमेश त्वानाबासु**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना प्रकट गर्दछ ।

जन्म : २०३६/०५/२०
निधन : २०८०/०९/०६

**चण्डेश्वरी अजिमा बचत तथा ऋण सहकारी संस्था लि.**
चासुखेल-५ भक्तपुर

---

## हार्दिक समवेदना



जन्म
२००३/१०/०४


निधन
२०८०/०९/०९

यस संस्थाका सदस्य **धनबहादुर मगजु**को असामयिक दुःखद निधन भएको १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान-८, भक्तपुर

---

## हार्दिक समवेदना



यस स्वयम्सेविका समूह भनपा १० का सदस्य गुजेश्वरी प्रजापति (मगजु) का ससुरा बुबा **धनबहादुर मगजु**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २००३/१०/०४
निधन : २०८०/०९/०९

**स्वास्थ्य स्वयम्सेविका समूह**
वडा नं. १०, भक्तपुर

---

# ललितपुरमा अन्तरक्रियात्मक गोष्ठी

ललितपुर, १८ पुस । विश्व सर्वहारावर्गका गुरु माओ त्सेतुङको १३० औं जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी खोनाबुङ्गाको आयोजनामा ललितपुर महानगरपालिका वडा नम्बर २१ मा मङ्गलबार अन्तरक्रियात्मक गोष्ठी भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एनबी श्रेष्ठले अध्यक्ष माओले हरेक कार्यकर्तालाई जनताको सेवा गर भन्ने भावनाबाट जीवन पद्धतिको रूपमा स्थापित गर्नुभएको थियो भन्नुभयो ।

जनवादी गणतन्त्र चीनको योगदानको चर्चा गर्दै उहाँले भन्नुभयो, “ल्याटिन अमेरिका, अफ्रिका, एसिया महादेशका धेरै देशको भौतिक, शैक्षिक, सामाजिक, औद्योगिक, वातावरण संरक्षण तथा कृषि क्षेत्रको विकासमा चीनको सहयोग महत्त्वपूर्ण छ ।”

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मार्क्सवादी सिद्धान्तअनुसार चीनमा जनवादी क्रान्ति र सोभियत रुसमा समाजवादी क्रान्ति सफल भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सचिव राजवीर डंगोलले गलत काम र कुराको विरोध गरेन भने पछि क्यान्सरको रूप लिने हुँदा समयमै आलोचना गर्नुपर्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सचिव नरेश महर्जनले लेनिनले भन्नुभए जस्तै क्रान्ति गर्न धेरै गाऱ्हो छ तर क्रान्तिपछि त्यसलाई संरक्षण गर्नु त्योभन्दा हजार गुणा गाऱ्हो छ भन्नुभयो ।

सभापतिको आसनबाट नेमकिपा ललितपुरका कवीन्द्र डंगोलले बहुआयामिक व्यक्तित्वका धनी अध्यक्ष माओको कुशल नेतृत्व, सक्षम रणनीति र कार्यनीतिका साथै चीनमा देशभक्त र समाजवादी भावनाले प्रेरित धेरै युवा नेता तथा कार्यकर्ताहरूको समर्पण र त्यागको कारण चीन पुनःजागृत भएको हो भन्नुभयो ।

कार्यक्रममा इन्द्र महर्जन, ममिता श्रेष्ठ, अनिष महर्जनले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

---

## सिद्धि गणेश कर्नर

हरेक मंगलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने

### संस्थाको ३०औं स्थापना दिवस(पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔं ।

#### खुला रक्तदान कार्यक्रम

“ रक्तदान, जीवन दान ”

**कार्यक्रम**
मिति : २०८० पुस २७ गते, शुक्रबार
समय : विहान ८:०० बजे
स्थान : भ.न.पा.-७ , इनाचो

**स्वास्थ्य उपसमिति**

#### खुला २०० मि. दौड प्रतियोगिता

| विधा | दर्ता शुल्क |
| --- | --- |
| ♦१०-१६ वर्षसम्म(पुरुष/महिला) | रु. १००।- |
| ♦१७-३० वर्षसम्म (पुरुष/महिला) | रु. १००।- |
| ♦३१-५० वर्षसम्म(पुरुष/महिला) | रु. १००।- |

☞ अन्तिम दर्ता : पुस २५ गते
☞ प्रतियोगिता मिति : पुस २८ गते

**लघुवित्त तथा बचत समूह परिचालन उपसमिति**

#### अन्तर सदस्यीय एवम् नगर स्तरीय टेबलटेनिस प्रतियोगिता

| विधा | दर्ता शुल्क | विधा | दर्ता शुल्क |
| --- | --- | --- | --- |
| ♦१६ वर्षमुनि एकल (पुरुष/महिला) | रु. १००।- | ♦३४-४४ वर्षसम्म एकल (पुरुष) | रु. १५०।- |
| ♦१६-३४ वर्षसम्म एकल (पुरुष) | रु. १५०।- | ♦४४ वर्षमाथि (पुरुष) | रु. २००।- |

☞ अन्तिम दर्ता : पुस २६ गतेसम्म ☞ प्रतियोगिता सुरु : पुस २८ गतेबाट

**युवा उपसमिति**

#### आयकरसम्बन्धी अभिमुखीकरण कार्यक्रम

**संस्थाको ३०औं स्थापना दिवसको उपलक्ष्यमा** यस उपसमितिको आयोजनामा **मिति २०८० पुस २३ गते बिहान ७:३० बजे संस्थाको तालिम हल, खँचामा ऋणी, शेयर सदस्य तथा सदस्य परिवारलाई निःशुल्क आयकरसम्बन्धी अभिमुखीकरण कार्यक्रम** सञ्चालन हुने भएकोले इच्छुक महानुभावहरूले आफ्नो नाम दर्ता गराउन सूचित गराइन्छ । **अन्तिम दर्ता मिति : २०८० पुस २२ गते।**

**ऋण उपसमिति**

#### अनिवार्य शिक्षा शिविर सम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा **पुस २१ गते शनिबार बिहान ७:३० बजे खँचा स्थित तालिम हलमा अनिवार्य शिक्षा शिविर** सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**शिक्षा उपसमिति**

#### नियमित बचत गर्न विलम्ब नगरौं

यस संस्थाको विनियममा सदस्यहरूले नियमित बचत गर्नुपर्ने व्यवस्था रहेकोमा केही सदस्यहरूले नियमित बचत गर्न **विलम्ब गरेको** देखिएकोले यथाशीघ्र बचत गर्न अनुरोध छ साथै **६ महिनाभन्दा बढी बचत विलम्ब भएमा संस्थाको नियमानुसार सेवा सुविधा रोक्का हुने र सदस्यता खारेजी प्रक्रियामा** जानुपर्ने व्यहोरा सम्बन्धित सदस्यहरूको जानकारीका लागि अनुरोध छ ।

**बचत उपसमिति**

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

---

## हार्दिक समवेदना




यस संस्थाका स. नं. ९९८ का सदस्य **पूर्णबहादुर दुवाल**को दुःखद निधन भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०१३/११/०४
निधन : २०८०/०८/१४

**चण्डेश्वरी अजिमा बचत तथा ऋण सहकारी संस्था लि.**
चासुखेल-५ भक्तपुर

---

## हार्दिक समवेदना



यस संस्थाका स. नं. ३२४ का सदस्य **काशीबहादुर त्वानाबासु**को दुःखद निधन भएकाले दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : १९९४/०१/१५
निधन : २०८०/०९/०४

**चण्डेश्वरी अजिमा बचत तथा ऋण सहकारी संस्था लि.**
चासुखेल-५, भक्तपुर

---

## हार्दिक समवेदना




हाम्रा आत्मीय मित्र एवं झीगु मुंज्या पुःचका सदस्य रामलक्ष्मी मगजुका ससुरा र सदस्य महेन्द्र मगजुका पूजनीय पिता **धनबहादुर मगजु**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

जन्म : २००३/१०/०४
निधन : २०८०/०९/०९

**झीगु मुंज्या पुचः परिवार २०७४**

---

## हार्दिक समवेदना



नेपाल मजदुर किसान पार्टी भनपा १० वडा समितिका सदस्य गुजेश्वरी प्रजापति (मगजु) का ससुरा बुबा **धनबहादुर मगजु**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २००३/१०/०४
निधन : २०८०/०९/०९

**नेपाल मजदुर किसान पार्टी**
भनपा १० वडा एकाइ समिति

---

# साङ्गठनिक सिद्धान्त र विचारले मात्र आमूल परिवर्तन सम्भव

भक्तपुर, १९ पुस । “सिद्धान्त र विचारविनाको पार्टीले देश र जनताको लागि केही गर्नसक्दैन । साङ्गठनिक सिद्धान्त र विचारले मात्र आमूल परिवर्तन सम्भव तुल्याउँछ ।”

उक्त भनाइ नेपाल मजदुर किसान पार्टी ९ वडा सूर्यमढी प्रारम्भिक समितिको आयोजनामा भएको १३० औं माओ र १४५ औं स्तालिनको जन्म जयन्तीको अवसरमा बुधबार आयोजित कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले व्यक्त गर्नुभएको हो ।

‘उदारवादको विरोध गर’ भन्ने अध्यक्ष माओको भनाइलाई लागु गर्नुपर्ने र आलोचना आत्मालोचना सधैं भइरहनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, “सङ्गठन र विचार पार्टीको लागि अक्सिजनजस्तै हो ।”

हरेक व्यक्तिलाई विचारबाट सुसूचित नगरिए ठुला पार्टीजस्तै अपराधीहरूको झुन्डमात्र हुनेतर्फ केन्द्रीय सदस्य गोसाईले सचेत गर्नुभयो ।

उहाँले भन्नुभयो, “माओको दूरदर्शी विचारकै कारण हालको चीन बनेको हो । जस्तोसुकै अमेरिकी षड्यन्त्रले चीनलाई असर पार्न नसकेको हो । अमेरिकाले रसिया र चीनलाई आक्रमण गर्न युक्रेनलाई उपयोग गरी ‘प्रोक्सिवार’ गरिरहेको छ । विज्ञान, प्रविधि र आविष्कारमा चीन पछि परेको छैन ।”

“स्तालिनले सोभियत रूस र माओले चीनमा समाजवादी व्यवस्थाको लागि गर्नुभएको सङ्घर्षबाट नेपाली जनताले पाठ सिक्नुपर्छ”, केन्द्रीय सदस्य गोसाईले भन्नुभयो ।

भनपा वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले वडाका गतिविधिबारे जानकारी दिनुभयो ।

वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छाले उदारवाद र समाजवादलाई सँगसँगै लाने विभिन्न पार्टीको कदम गलत भएको स्पष्ट पार्दै कम्युनिस्ट सिद्धान्त नमान्ने नेपालका कम्युनिस्ट पार्टीहरूले जनतालाई धोखा दिएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष दिलभक्त कोजु, उपाध्यक्ष काशिलाल प्रजापति र प्रेम प्रजापतिले पनि कार्यक्रममा बोल्नुभएको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा